नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं
२०७८

फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेबसाइट : www.redd.gov.np

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७



नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं
२०७८

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

**रेड कार्यान्वयन केन्द्र**

बबरमहल, काठमाडौं

२०७८

प्रकाशकः नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाण्डौ

फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

प्रतिलिपि अधिकार ©: २०७८, रेड कार्यान्वयन केन्द्र
प्रकाशन मितिः २०७८, असार
आवरण फोटो : वन व्यवस्थापन अन्तर्गत लाथ्रा पत्ल्याउने कार्य पश्चात् लुम्बिनी साझेदारी वन, रूपन्देही (फोटो : यज्ञमूर्ति खनाल)
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४१ बमोजिम सार्वजनिक गरीएको

# दुई शव्द

रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालित पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रम हो । नेपाल सरकारले आ.व. २०६६/६७ देखी रेडप्लस तयारी कार्यक्रम कार्यान्वयन गर्दै रहेको छ । बिगतको करिब १० वर्षको अबधिमा तयारी चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरू सम्पन्न भएका छन् । वनजन्य पारिस्थितकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकार र विश्व बैंकबीच सन् २०१७ जनवरी २० मा सम्झौता भई नेपालमा रेडप्लस तयारीको थप क्रियाकलापहरू सञ्चालन भइरहेकोमा आ.व. २०७६।७७ सम्ममा उल्लेख्य प्रगति हासिल भएको छ । १६ मूख्य रूख प्रजातिहरूको वायोमास मोडल तयार गर्ने, सेफगार्ड सूचना प्रणाली स्थापना र संचालन गर्ने, राष्ट्रिय वन तथा कार्बन अनुगमन प्रणाली र डाटाबेस तयारी तथा नेपालको वनको आधार बिन्दु अध्यावधिक गर्ने लगायतका केही कार्यहरू मात्र सम्पन्न हुन बाँकी रहेका छन् । यी तयारीका कार्यहरू आगामी एक वर्षमा सम्पन्न हुने र नेपालले २०७५ मा तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालनका लागि सन् २०२१ मा कार्बन व्यापार सम्झौता गरी सकेको छ ।

यसै क्रममा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आ.व. ०७६।०७७ को प्रगति समीक्षा तथा त्यसबाट प्राप्त गरेका सिकाइहरूलाई दस्तावेजमा उतार्ने कार्यको लागि यो प्रतिवेदन तयार गर्ने जमर्को गरिएको छ । यो पुस्तिका तयार गर्नको लागि मस्यौदा गर्ने उपसचिव श्री यज्ञमूर्ति खनाल तथा सहायक भू-संरक्षण अधिकृत श्री विष्णु कुमारी अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो पुस्तिका तयारी चरणमा सम्पादन गरी योगदान गर्ने पूर्व केन्द्र प्रमुख, सहसचिव डा. बुद्धिसागर पौडेल, उपसचिव श्री शंकर अधिकारी र अन्य सहकर्मी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । यसैगरी यो पुस्तिकामा आर्थिक लगायतका विवरणहरू उपलब्ध गराई सहयोग गर्ने लेखा अधिकृत श्री सुदर्शन

ढकाल धन्यवादका पात्र हुनुहुन्छ । यसको साथसाथै केन्द्रदेखी स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने समुदाय, समूहहरू, सरोकारवालाहरूको सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु । कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सकारात्मक सहयोग गर्ने तथा सुझावहरू प्रदान गर्ने वन तथा वातावरण मन्त्रालय, केन्द्रस्तरका विभागीहरू, केन्द्रहरू, कार्यालयहरू, इकाईहरू, प्रदेशस्तरका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा अन्तरर्गतका कार्यालय एवं केन्द्रहरूलाई हार्दिक धन्यवाद सहित भबिष्यमा पनि सहयोग, सुझाव, टिप्पणी निरन्तर प्राप्त हुनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, यस कार्यक्रमको तयारी चरणको अबधिमा नीतिगत निर्देशन तथा अन्य समन्वयकारी भूमीका प्रदान गर्नु हुने वन तथा वातावरण मन्त्रालय, कार्यान्वयनमा सहयोगी निकाय र विश्व बैंकको सहयोगी टोलीलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

प्रकाश लम्साल
केन्द्र प्रमुख

# प्रतिवेदनको सारांश

वन विनाश रोक्ने तथा वनको गुणस्तर खस्किन नदीने, वनको संरक्षण गरी कार्बन सञ्चिति र वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरूको समष्टिगत रूप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँच वटा क्रियाकलापहरूः

(१) वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
(२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
(३) वन कार्बन सञ्चिति संरक्षण
(४) वनको दिगो व्यवस्थापन
(५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन ।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरू आ.व. २०६६।६७ देखी संचालन गरी रहेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको छ । रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकताप्राप्त (P1) कार्यक्रम हो, यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ ।

नेपालले सन् २०१८ मा तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गर्न लागिरहेको छ । यो कार्यक्रमको उद्देश्य वन विनाश र क्षयीकरणका कारण र प्रभावहरू घटाई दिगो वन व्यवस्थापन गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति बृद्धि गरी कार्बन व्यापारबाट नेपालले लाभ लिने रहेको छ । नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरी सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गर्ने लक्ष्य लिएको छ । उक्त कार्यक्रम मार्फत् पहिलो छ वर्षमा उत्सर्जन न्यूनीकरण वापत् विश्व बैंकसँग कार्बन व्यापार सम्झौता गरी अन्तर्राष्ट्रिय भुक्तानी लिने गरी अन्तिम तयारी भइरहेको छ ।

आर्थिक वर्ष ०७६।०७७ मा रेड कार्यान्वयन केन्द्र मार्फत् मूख्य गरी रेडप्लस तयारी कार्यक्रमको लागि सहयोग पुग्ने किसिमका तयारी चरणका विभिन्न क्रियाकलापहरू कार्यान्वयन गरीएको थियो । रेड प्लसको तयारी चरणमा आ.व. ०७६।०७७ मा निम्न बमोजिमको प्रमुख क्रियाकलापहरू सम्पन्न भएका थिए ।

| सि.नं. | क्रियाकलापहरू | इकाई | वार्षिक लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | समृद्धिको लागि वन परियोजना तयारी | प्याकेज | १ | १ | सम्पन्न |
| २ | सामुदायिक वनको दिगो वन व्यवस्थापन योजना तयारी | गोटा | २५ | ८ | १७ वटाको म्याद थप भई कार्य जारी |
| ३ | स्थानीय पालिकाहरूको भू-उपयोग योजना तयारी | गोटा | ६० | ० | ४० वटाको म्याद थप भई कार्य जारी |
| ४ | मध्यवर्ती सामुदायिक वनको कार्ययोजना नवीकरण | गोटा | ४० | ४० | |
| ५ | सामुदायिक वनको कार्ययोजना पुनरावलोकन | गोटा | ५०० | २६५ | |
| ६ | वन क्षेत्रमा समावेशीकरण राष्ट्रिय गोष्ठी | गोटा | १ | १ | |
| ७ | नमुना बाँस रोपण | प्याकेज | १ | १ | |

आ.व. २०७६।७७ मा सम्पन्न अन्य क्रियाकलापहरू

(१) कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट नेपाल सरकारलाई प्राप्त हुने लाभको बाँडफाँड योजना आ.व. ०७५।७६ मा तयार भएकोमा सो को विश्व बैंकबाट प्राप्त सुझावहरू समावेश गरी Advanced Draft Stage मा पुऱ्याएको ।

(२) रेडसँग सम्बन्धित सरोकारवालाहरूको लागि सात वटा लैङ्गिक अवधारणा क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गरीएको ।

(३) प्रदेश मन्त्रालय मातहत रेड डेस्कको सचिवालय व्यवस्थापन तथा क्षमता अभिवृद्धिमा सहयोग गरेको र सूचनामूलक जानकारी प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी कार्यहरू थिए ।

आ.व. २०७६।७७ को वार्षिक स्विकृत योजनामा समावेस क्रियाकलापहरू कार्यान्वयनका लागि कूल बजेट रू ४८ करोड ३१ लाख बजेट विनियोजन भएको थियो । त्यस मध्ये केवल ८ करोड ८ लाख १४ हजार (१६.७ प्रतिशत) वित्तिय खर्च ८०.२९ प्रतिशत भौतिक प्रगति हासिल भएको थियो ।

# बिषय सूची

**भाग १** १

रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना १

१.१ पृष्ठभूमी १

१.२ रेडप्लस प्रकृयामा नेपालको प्रयास ३

१.३ रेडको सांगठनिक संरचना ६

१.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति ६

१.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति ७

१.३.२ रेड कार्यान्वयन केन्द्र ७

१.४ रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र ८

१.४.१ बजेट तथा कार्यक्रम शाखा ज्ञण

१.४.२ जलवायु व्यवस्थापन शाखा ११

१.४.४ आर्थिक प्रशासन् शाखा १२

१.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क १२

**भाग–२** १३

सम्पन्न क्रियाकलापहरुको विवरण १३

१. नदी उकास क्षेत्रमा नमुना बाँस रोपण कार्यक्रम (वन तथा वातावरण संरक्षण) १३

२. समृद्धिका लागि वन कार्यक्रम परियोजना दस्तावेज तयारी : १५

३. REDD+ TOT Gender and Safeguard focal person and related stakeholder. १७

४. स्थानीय पालिकाहरुको भू-उपयोग योजना तयारी १८

५. दिगो वन व्यवस्थापन योजना तयारी १९

६. मध्यवर्ती सामुदायिक वन कार्ययोजना नवीकरण २२

७. लाभ वितरण योजनाको पुनरावलोकन तथा पूर्णरुप दिने कार्य (Review and Finalization of Benefit Sharing Plan) २२

८. राष्ट्रिय वन तथ्यांक सूचना प्रणालीको स्थापना एवं विकास (Updating National Forest Database Information System) २३

९. सूचना प्रणाली तथा नवीकरण खर्च २३

१०. टिम बिल्डिंग तालिम (Team Building Training) २३

११. प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिवृद्धि कार्यक्रम २४

१२. लैङ्गिक नेतृत्व विकास तालिम (Gender Leadership Training) २४
१३. वन क्षेत्रमा लैङ्गिक समावेशीकरण राष्ट्रिय गोष्ठी (National Workshop of Gender Integration In Forestry) २५
१४. रेड सँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणा क्षमता अभिवृद्धि कार्यक्रम २७
१५. योजना तर्जुमा/समिक्षा गोष्ठी २८
१६. विकास साझेदार संस्थाहरुसँग मिसन, छलफल, अन्तरक्रिया र गोष्ठी २८
१७. राष्ट्रिय रेड समन्वय समितिको बैठक तथा गोष्ठी २९
१८. श्रव्य दृष्य निर्माण ३०
१९. लैङ्गिक क्षमता अभिवृद्धि सम्बन्धी तालिम म्यानुअल तयारी र प्रकाशन ३०
२०. सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया तथा गोष्ठी ३०
२१. राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न दिवस, समारोह तथा गोष्ठी ३१
२२. कृषि वन सम्बन्धी सरोकारवालाहरुको क्षमता अभिवृद्धि गोष्ठी ३१
२३. वार्षिक प्रतिवेदन प्रकाशन, डायरी क्यालेन्डर छपाई, उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज नेपाली छपाई र अध्ययन प्रतिवेदन रणनीति तालिम सामाग्री छपाई ३२

**भाग ३** ३३

**आर्थिक प्रगति विवरण** ३३

**भाग ४** ३५

कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइहरू ३५
४.१ सरोकारवालाहरुसँगको समन्वय ३५
४.२ सेवा प्रदायकहरुसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाइहरु ३६
४.३ प्रदेश तथा अन्तरगतका निकायहरु बिचको समन्वय ३६
४.४ विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाइहरु ३७
४.५ मन्त्रालय, विभागीय निकायहरुसँगको समन्वय ३७

**अनुसूचीहरू** ३८

अनुसूची १ः नेपालमा रेडप्लसको विकासक्रम ३८
अनुसुची २ः समृद्धिका लागि वन परियोजना तयारीमा खटिएका विज्ञ परामर्शदाताहरू ४६
अनुसुची ३ः दिगो वन व्यवस्थापन कार्ययोजना तयार भएको सामुदायिक वनहरूको विवरण ४६
अनुसुची ४ः रेड कार्यान्वयन केन्द्रको सहयोगमा भू-उपयोग योजना तयार गर्न छनौट भएका पालिकाहरूको विवरण ४७
अनुसुची ५ः रेड कार्यान्वयन केन्द्रको सहयोगमा कार्ययोजना नविकरण भएका सामुदायिक वन सम्बन्धि विवरण ४९
अनुसुची ६ः रेड कार्यान्वयन केन्द्रको सहयोगमा कार्ययोजना नविकरण भएका मध्यवर्ति सामुदायिक वन सम्बन्धि विवरण ५८
अनुसुची ७ः रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमको आ.व.०७६।७७ को वार्षिक प्रगति प्रतिवेदन ६०
अनुसुची ८ः रेड कार्यान्वयन केन्द्र, बबरमहलमा आ.व.०७६।७७ मा कार्यरत कर्मचारीहरू ६६

# भाग १

## रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना

### १.१ पृष्ठभूमी

पृथ्वीको तापक्रम क्रमिक रूपमा वढ्दै जानु तथा विश्वव्यापी रूपमा महसुस गरीएको जलवायु परिवर्तन र यसले पारेका असरहरू सबैको चासोको बिषय वनेका छन् । विसौं शताव्दीको अबधिमा ०.७ डिग्री सेल्सियसका दरले वढेको तापक्रम २१ औं शताव्दीमा १.८ देखी ४ डिग्री सेल्सियस सम्मले बढ्न सक्ने भनी वैज्ञानिकहरूले अनुमान गरेका छन् । यसरी क्रमिक रूपमा बढिरहेको तापक्रमले मौसममा परिवर्तन आउदा कतिपय स्थानमा खडेरी बढ्न गई मरूभुमिकरण हुने तथा कतिपय स्थानमा भारी वर्षाका कारण वाढी पहिरो आदिको प्रकोप बढ्न गई विपत्तिको सृजना हुने अनुमान गरीएको छ ।

स्थिर रहनुपर्ने जलवायु सुचकांकहरू जस्तै तापक्रम, वर्षा, समुन्द्री सतह बृद्धि, प्राणी तथा वनस्पतिमा बढ्दो रोग कीराको आक्रमण र प्रकोपजन्य घटनाको बृद्धिलाई जलवायु परिवर्तनको मूख्य प्रभाव मानिएको छ । जस्तो कि मुसलधारे र भारी वर्षाका घटनाहरू बढ्नु, व्यापक बाढी पहिरो आदिको अबस्था देखा पर्नु र पानी पर्ने दिनहरूको संख्या कम हुनु आदि जलवायु परिवर्तनका असरहरू हुन् ।

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापिय किरणहरूलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिकरूपमा बढाउन भूमीका खेल्ने ग्याँसहरूलाई हरितगृह ग्याँस भनीन्छ । सबै ग्याँसहरूले हरितगृह प्रभाव नदेखाउने भएतापनि कार्बनडाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड ($N_2$), हाइड्रोफ्लोरो कार्बन (HFCs), परफ्लोरो कार्बन (PFCs), सल्फरहेक्जाफ्लोराइड ($SF_6$), नाइट्रोजन ट्राइफ्लोराइड ($NF_3$) जस्ता ग्याँसहरूलाई हरितगृह ग्याँसको रूपमा लिईन्छ । जलवायु परिवर्तनको मूख्य कारण पनि विभिन्न स्वरूपमा रहेको हरितगृह ग्याँसहरू वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ र यसो हुनुमा मानव उपयोगका लागि गरिने प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन, वातावरण प्रदुषण र पर्यावरणीय विनाश लाई मानिएको छ ।

जलवायु परिवर्तनको लागि अन्तर सरकारी मञ्चले (Intergovernmental Panel on Climate Change–IPCC, 2007) सन् २००७ मा गरेको विश्लेषण अनुसार जलवायु परिवर्तनका मूख्य कारण वायुमण्डलमा बढिरहेको हरितगृह ग्याँसको क्रमिक उत्सर्जन हो र हरितगृह ग्याँसहरूमा सबैभन्दा बढि भूमीका खेल्न सक्ने ग्याँसको रूपमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसलाई मानिएको छ । सन् १९५८ देखी २००१ सम्मको अबधिमा वायुमण्डलमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँस को मात्रा ३१५ पि.पि.एम. बाट ३७० पि.पि.एम. सम्म क्रमिक रूपमा बढिरहेको पाइएको छ ।

दिगो वन व्यवस्थापनका माध्यमबाट वातावरणमा उत्सर्जन हुने कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसको परिमाण कम गर्ने, वातावरणमा कार्बनडाइअक्साइड ग्याँसको खपत अभिवृद्धि गर्ने र जमिनमा कार्बन सञ्चिति वढाउने जस्ता कार्य जलवायु परिवर्तन न्यूनीकरणको लागि अति आवश्यकीय कुराहरू हुन् । बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नका लागि हरितगृह ग्याँसहरूको उत्सर्जनमा कमी ल्याउन सक्नुपर्दछ । यसका लागि वनजंगलको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइडको खपत गरी कार्बनको भण्डार बृद्धि गर्ने र वनबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भन्ने सोचबाट रेड प्लस को अवधारणा विकाश भएको हो ।

वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मूलुकलाई विकसित राष्ट्रहरूबाट प्रोत्साहन स्वरूप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस (Reducing Emissions from Deforestation and Degradation REDD plus Conservation of Forests Carbon Stock, Sustainable Management of Forests and Enhancement of Forests Carbon Stock) भनिन्छ । रेड प्लस (REDD+) कार्यक्रम अन्तर्गत निम्नलिखित पाँचवटा क्रियाकलापहरू पर्दछन् .

- वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन कार्बन सञ्चितिको संरक्षण
- वनको दिगो व्यवस्थापन
- वन कार्बनको सञ्चितिमा अभिवृद्धि

रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा प्रवेश गर्न लागेको छ । रेडप्लस कार्यक्रमको चरणहरू निम्न बमोजिम रहेका छन् ।

| पहिलो चरणः तयारी | द्वितिय चरणः कार्यान्वयन | तृतीय चरणः भुक्तानी |
|---|---|---|
| राष्ट्रिय रणनीति तर्जुमा, कार्यक्रम तथा कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, अध्ययन आदि । | राष्ट्रिय रणनीति, कार्यक्रम, कार्ययोजना कार्यान्वयन, क्षमता अभिवृद्धि आदि । | नतिजामा आधारित भुक्तानीका लागि Monitoring Reporting and Verification (MRV) सम्बन्धी कार्यहरू आदि । |

नेपालले आ.व. २०६६।६७ देखी रेड फरेस्ट्री तथा जलवायू परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ । कार्यक्रमको कार्यान्वयनबाट वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनमा कमी हुन गई नेपाल उत्सर्जन न्युनीकरण

मार्फत कार्बन व्यापारमा सहभागी भई लाभ प्राप्त गर्ने र सो लाभ सम्बन्धित उत्सर्जन न्युनीकरण गर्न योगदान गर्ने स्थानीय समुदाय वा निकायहरूले प्राप्त गर्ने छन् । फलतः स्थानीय समुदायले गैर कार्बन लाभ समेत प्राप्त हुने हुँदा वनको दिगो व्यवस्थापनमा योगदान अभिवृद्धि हुने अपेक्षा गरीएको छ ।

नेपालमा वनले करिब ५९ लाख ६२ हजार हेक्टर भू-भाग ओगटेको छ जुन नेपालको कुल क्षेत्रफलको ४०.३६% हुन आउँछ । नेपालको वनमा कुल कार्बन सञ्चिति १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९ टन प्रति हेक्टर) रहेको अनुमान गरीएको छ जसमध्ये ६१.५३% भाग रूखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८०% माटोमा र ०.६७% पातपतिंगरमा रहेको छ । यसको अतिरिक्त नेपालमा ६ लाख ४८ हजार हेक्टर बुट्यान क्षेत्र (कुल क्षेत्रफलको ४.३८%) रहेको छ जसमा करिब ६ करोड ९ लाख टन (औसत १०५.२४ टन प्रति हेक्टर) कार्बन सञ्चिति रहेको छ ।

नेपालमा वन विनाश र अत्यधिक दाउरा संकलनका कारण हुने वन क्षयीकरणबाट बर्षेनी करिव १३ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन हुने अनुमान छ । नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरी सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गर्ने लक्ष्य लिइएको छ ।

### १.२ रेडप्लस प्रकृयामा नेपालको प्रयास

वन विनाश र वन क्षयीकरणलाई न्यूनीकरण गर्नको लागि नेपालले दशकौं अघिदेखी विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रमगत रूपमा पहल कदमी लिँदै आएको छ । रेड प्लसकै सन्दर्भमा भने नेपालले सन् २००४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धि अन्तर्गत सन् १९९७ मा आएको क्योटो प्रोटोकलको स्वच्छ विकास संयन्त्र (CDM) मा नेपालको सामुदायिक वन लगायतका अन्य वन व्यवस्थापनहरू सन्दर्भमा अनुपयुक्त भएको बिचार व्यक्त गरेको थियो र इन्डोनेसियाको बालीमा सन् २००७ मा भएको रेड सम्बन्धी वार्ता र त्यस पछिका रेड प्लस सम्बन्धी वार्ताहरूमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागीता रहेको छ । फलस्वरूप सन् २००८ मा नेपालले रेडप्लसको तयारीका लागि विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रमबाट सहयोग प्राप्त गर्न स्वयमसेवी रूपमा अवधारणा पत्र तयार गरी रेडप्लस सम्बन्धी विभिन्न बिषयमा चेतनामूलक गोष्ठी र छलफलहरूको सुरूवात गरीएको थियो ।

यसै समयमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई (REDD Forestry and Climate Change Cell) स्थापना गरीएको थियो जुन हाल रेड कार्यान्वयन केन्द्रको रूपमा रहेको छ । यस अबधिमा नेपाल सरकारका अलावा विभिन्न दातृ निकाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदार निकायहरूबाट समेत रेडप्लसका वारेमा परीक्षण परियोजनाहरूको सुरूवात भएको थियो । सन् २००८ पछि नै नेपालबाट सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरू रेडप्लस सम्बन्धी वार्ता तथा छलफलमा भाग लिन जाने क्रममा बृद्धि भएको देखीन्छ ।

नेपालको रेडप्लस तयारीको चरण मध्ये सन् २००९ लाई महत्वपूर्ण वर्षको रूपमा लिइन्छ । यस वर्षमा रेडप्लसको तयारीका लागि पूर्वतयारी प्रस्तावना (RPP) तयारी र यसका लागि विभिन्न तहमा छलफल तथा परामर्श गोष्ठीको आयोजना गरीनुका साथै रेडप्लस सम्बन्धी सचेतना र क्षमता अभिवृद्धि गर्ने परियोजनाहरूको सुरूवात समेत भएको पाइन्छ । यसै वर्षदेखी नर्वे सरकारको सहयोगमा गोरखा, चितवन र दोलखा जिल्लाका लुधिखोला, कयरखोला र चर्नावती जलाधार क्षेत्रमा रहेका सामुदायिक वनहरूमा रेड प्लसको लाभांस वितरण सम्बन्धी ३ वर्षे परीक्षण परियोजना लागू भएको थियो ।

यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धी अवधारणा विकासका लागि व्यापक रूपमा छलफल, संवादको कार्य अगाडि बढाइएको थियो । यसै वर्षको अन्त्यतिर नेपाल सरकारले रेडप्लस सम्बन्धी क्रियाकलाप संचालनका लागि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाईको स्थापना गर्नुका साथै अन्य संस्थागत संरचनाहरूको समेत स्थापना गरेको थियो ।

रेडप्लसको तयारीका लागि नेपालले तयार गरेको पूर्वतयारी प्रस्तावमा राष्ट्रियस्तरबाट पारित भई सन् २०१० को अप्रिलमा विश्व बैंकमा पेश भएको तथा सोही वर्षको जुनमा विश्व बैंकबाट नेपालको रेडप्लस सम्बन्धी पूर्वतयारी प्रस्तावना पारित गरेपछि रेडप्लसको तयारीका काममा तिव्रता आएको थियो ।

विश्व बैंक बाहेक नेपालमा रेड प्लसको परीक्षणका लागि नर्वे, अमेरीका, बेलायत, स्विट्जरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मूलुकहरूद्धारा सहयोग गर्न सुरूवात भएको थियो । सन् २०११ देखी २०१२ मा तयारी चरणका विभिन्न कार्यक्रमहरू जस्तैः रेडप्लसका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरूको तयारीका लागि अध्ययन अनुसन्धान, वन विनाशका कारक तत्वहरूको विश्लेषण, भू-उपयोगको अर्थराजनीति, नेपालको वन क्षेत्रको आर्थिक महत्व, सामाजिक तथा वातावरणीय रणनीतिक मूल्यांकन, कार्बन स्वामित्व, वनको आधारबिन्दु, वन कार्बन मापन मार्गदर्शनको विकास, अनुगमन प्रतिवेदन तयारी र प्रमाणीकरण, रेडप्लसको प्राविधिक बिषयमा आवश्यक पर्ने अन्य बिषयहरूको अध्ययन र विधिहरू विकास, भू-परिधि तह (Landscape Level) मा रेड प्लसको परीक्षणका लागि तयारी जस्ता बिषयमा गहन अध्ययन साथै राष्ट्रिय रेड प्लस रणनीति (National REDD + Strategy २०७५) तयारीका लागि खाका विकास र छलफल तथा परामर्शहरूको सुरूवात भएको पाइन्छ ।

त्यसैगरी सन् २०१३ देखी २०१५ सम्ममा रेडप्लस तयारी चरणका विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । यस अबधिमा विश्व बैंकमा तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अवधारणा पत्र (Emission Reduction Program Idea Note ER – PIN) तयार गरी पेश, रेडप्लस तयारीका लागि आवश्यक रेडप्लस रणनीति तयारी, मापन, प्रतिवेदन र प्रमाणीकरण (Measurement, Reporting and Verification – MRV) प्रणालीको विकास तयारी, लाभांस वितरण तथा कार्बन उत्सर्जन आधार रेखा (Reference of Emission Level REL) आदि बिषयमा अध्ययनको सुरूवात भएको थियो । यसका साथै रेडप्लस रणनीति र यसको कार्यान्वयनको लागि आवश्यक पर्ने संस्थागत संरचना र अन्य दस्तावेजहरूको तयारी, खास गरी तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती

कार्यक्रम (Emission Reduction Program Document – ERPD) तयार गर्ने प्रकृया यस अवधिमा सुरू भएको पाइन्छ ।

रेड प्लस तयारी पहिलो चरण (सन् २००९ देखी २०१५) मा संचालन गरेका उल्लेखित क्रियाकलाप तथा अध्ययन अनुसन्धानहरूले नेपालको रेड प्लस सम्बन्धी Warsaw Framework तयारीका लागि चाहिने आवश्यक सूचना, तथ्य तथा तथ्याङ्क संकलनमा ठूलो भूमीका खेलेको पाईन्छ ।

नेपालले रेडप्लस तयारीका लागि चाहिने आवश्यक नीति तथा संरचनाहरू Warsaw Framework को विकास रेडप्लस तयारीको पहिलो चरणमा सम्पन्न गरी नसकेकोले विश्व बैंकले तयारी चरणमा बाँकी काम सम्पन्न गर्न (रेडप्लस तयारी दोश्रो चरणको) अनुदान रकम उपलब्ध गराएको थियो । उक्त सहयोगबाट सन् २०१६ मा विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । खास गरी सन् २०१६ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय प्रारूप महासन्धिमा नेपालको राष्ट्रिय वनको आधार तह (National Forest Reference Level) पेश भएको, वन लगानी योजना (Forest Investment Plan) तयारी, राष्ट्रिय रेडप्लस रणनीति (National REDD Plus Strategy 2075), रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्गचित्र तथा लैङ्गिक कार्ययोजना तयारी गरीएको थियो ।

सन् २०१७ मा तराई भू-परिधि क्षेत्रका १२ जिल्लाका लागि कार्बन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document– ERPD) र रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार गरी विश्व बैंकमा पेश गरीएको थियो । यसै वर्षको अन्त्यमा नेपालबाट पेश भएको वन लगानी योजना (Forest Investment Plan– FIP) लाई World Bank FIP Sub–committee ले स्वीकृत गरेको थियो ।

नेपालको रेडप्लस तयारी प्रकृयामा सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसैगरी Biodiversity Monitoring Protocal for REDD+ तयार गर्ने काम सम्पन्न भयो । सन् २०१९ मा नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लामा संचालन हुने कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरीएको छ । यी सबै कार्यबाट नेपाललाई उत्सर्जन न्यूनीकरणसंग सम्बन्धीत विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्न ढोका खुलेको छ ।

नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) अद्यावधिक गर्न बाँकी अध्ययनहरू पुरा गर्ने, विभिन्न रूख प्रजातिहरूको Allometric Equation तयार पार्ने, उत्सर्जन न्यूनीकरण दस्तावेजको आर्थिक विश्लेषण, सुरक्षा कवच सूचना प्रणाली (Safeguard Information System) र राष्ट्रिय वन सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि नेपालको तर्फबाट तयारी चरणमा हालसम्म भए गरेका र कार्यान्वयन र भुक्तानीको चरणमा हुने कार्यहरूलाई निम्न चित्र नं. १ मा देखाइएको छ भने विस्तृत विवरण अनुसूची १ मा छ ।




चित्र नं. १ नेपालमा रेड प्लसको विकासक्रम

## १.३ रेडको सांगठनिक संरचना

नेपालमा रेडप्लस कार्यक्रमको प्रभावकारी रूपमा तयारी र नतिजामूलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत् छुट्टै संरचना रहेको छ । रेड सम्बन्धी बिषयहरूलाई नेपाल सरकारले विशेष महत्व दिएको पाइन्छ । यसले सम्पादन गर्ने कार्यहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने भएकोले यसले गर्ने कार्यहरूको व्यवस्थापन तथा नीतिगत निर्देशनको लागि उच्च तहदेखी कार्यान्वयन तहसम्म निम्न बमोजिमको संरचनाहरू रहेको छ ।

### १.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति

रेडसँग सम्बन्धीत सरोकारवालाहरूलाई निर्णय प्रकृयामा समावेश गर्नका लागि उच्च तहमा २४ सदस्यहरू रहने गरी वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवहरू (वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, जलश्रोत, उर्जा र सिंचाइ मन्त्रालय, कृषि तथा पशुविकास मन्त्रालय, भूमी व्यवस्थापन, गरिवी निवारण तथा सहकारी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय), राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवहरू,

सातवटै प्रदेश स्थित उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिवहरू, स्थानीय सरकारका प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरू तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू सदस्य तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी बहुपक्षीय, बहुसरोकारवाला उच्चस्तरीय नीतिगत संरचनाको रूपमा राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ ।

यस संरचनाको मूख्य उद्देश्यहरू रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरूका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरूको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने कार्यक्षेत्र रहेको छ ।

### १.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति

दोश्रो तहमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखाका सहसचिवहरू, विभिन्न विभागका महानिर्देशकहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू समेत गरी २२ सदस्य रहने गरी राष्ट्रिय रेड प्लस समन्वय समिति रहने व्यवस्था छ । राष्ट्रिय रेड प्लस समन्वय समितिले रेडप्लस निर्देशक समितिको बैठकका लागि बिषयवस्तुहरू सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरू अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरू गर्दछ ।

### १.३.२ रेड कार्यान्वयन केन्द्र

रेडप्लस सम्बन्धी दैनिक प्रशासनिक कार्यहरू संचालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरीएको छ । यस केन्द्रमा बजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरूको दरबन्दि रहेको छ । यस सम्बन्धी विस्तृत विवरण चित्र नं. २ र ३ मा दिइएको छ । नेपालमा रेडको प्रभावकारी रूपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी पाएको रेड कार्यान्वयन केन्द्रको काम, कर्तव्यहरूमा मूख्यतया रेड प्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कोषहरू पहिचान गरी पहुँच पुऱ्याउने, रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरूसँग समन्वय गर्ने, वनक्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको बिषयलाई नियमन गर्न समन्वय गर्ने, रेडप्लसबाट प्राप्त लाभको बाँडफाँडका लागि समन्वय गर्ने, रेडप्लसमा सुरक्षा कवच (Safeguard) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने, राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने, रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने, वन कार्बनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण

केन्द्रसँग समन्वय गर्ने, उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि नीजि वन धनीहरूसँग सम्झौता गर्ने व्यवस्थाहरूको विकास गर्ने रहेका छन् ।




चित्र नं. २ रेड कार्यान्वयन केन्द्रको सँगठन संरचना

### १.४ रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र

कार्बन सेवा, कार्बन सञ्चिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोबाट प्राप्त लाभको बाँडफाँड जस्ता कार्य संघको कार्यक्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संवैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । नेपालको प्रचलित संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुसार पनि यस सम्बन्धी कार्यहरू संघ वा नेपाल सरकारको तर्फबाट हालसम्म यी कार्यहरू यस केन्द्रले गर्दै आइरहेको छ ।

नेपालको संबिधान (२०७२) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र कार्बन सेवा संघको अधिकार सूचि (अनुसूची ५) मा रहेको छ । वन ऐन, २०७६ मा कार्बन सेवा र सोबाट प्राप्त हुने सेवालाई वातावरणीय सेवाको रूपमा लिईएको (दफा २ (भ)) र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको व्यवस्थापन, उपयोग तथा

लाभांसको बांडफांड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने (दफा ४४ (क)) उल्लेख छ। त्यसै गरी वातावरण संरक्षण ऐन, २०७६ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, ब्यबसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था (दफा २८ (१)) रहेको छ ।

वन नीति, २०७५ मा कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाउने साथै वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुऱ्याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउने अबसरको उपयोग गरिने नीतिगत व्यवस्था रहेको पाइन्छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा दिगो वन व्यवस्थापन अबलम्बन गरी वनको कार्बन सञ्चिति बृद्धि गरिने, रेडप्लस मार्फत कार्बन सञ्चिति बढाई प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिने, रेडप्लस र कार्बन व्यापार आदिबाट वित्तीय श्रोत प्राप्ति र परिचालन गरिने उल्लेख छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्बन सेवा र कार्बन सञ्चिति नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा रहेकोमा वन विनाश र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति बढाई कार्बन व्यापार गर्ने सम्बन्धी काम यस केन्द्रको कार्य जिम्मेवारीमा पर्दछ ।

हालको रेड कार्यान्वयन केन्द्र (प्रस्तावित राष्ट्रिय रेडप्लस केन्द्र) को कार्यक्रम र कार्य जिम्मेवारी देहाय बमोजिम छन् ।

- नेपालको वनस्रोतलाई कार्बन व्यापारमा लैजान आधारहरु तयार गर्ने सम्बन्धी ।
- वन कार्बन उत्सर्जन न्युनीकरण कार्यक्रम लगायत रेडप्लस रणनीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी ।
- वन कार्बन सञ्चिति तथा उत्सर्जन न्युनीकरणको परिणाममा आधारित भुक्तानीको दावी सम्बन्धी ।
- वनस्रोतको दिगो व्यवस्थापन सम्बन्धी ।
- वन विनाश तथा वनको क्षयीकरण नियन्त्रणका लागि समन्वय सम्बन्धी ।
- वनस्रोतबाट प्राप्त हुने कार्बन तथा गैह्रकार्बन लाभहरूको पहिचान गरी तीनको दिगो उपयोगको व्यवस्था सम्बन्धी ।
- रेड प्लससँग सम्बन्धित रणनीति, योजना, कार्यक्रम, संझौता, प्रचारप्रसार तथा क्षमता अभिवृद्धि सम्बन्धी ।
- रेड प्लसमा कार्यरत संघसंस्था, दातृ निकायसँग समन्वय र सहकार्य गरी नेपालको समग्र रेड प्लस प्रक्रिया र विकासलाई दिशा निर्देश गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय, वित्त प्रवन्ध, अन्तर्राष्ट्रिय वार्ता, गुनासो व्यवस्थापनको समन्वय, अध्ययन अनुसन्धानको प्रकाशन सम्बन्धी ।
- कार्बन तथा गैरकार्बन लाभहरूको न्यायोचित बाँडफाड सम्बन्धी ।
- रेडप्लसको तयारी, कार्यान्वयन, क्षमता अभिवृद्धि, ज्ञानको व्यवस्थापन, परिणाममुखी भुक्तानी

आदिका लागि प्रस्ताव लेखन, प्रस्तुति तथा पैरवी गर्ने सम्बन्धी ।

- रेडप्लससँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायको सम्पर्क बिन्दु भई काम गर्ने सम्बन्धी ।
- वन कार्बनको संरक्षण तथा सचिति बढाउने कार्यहरू सम्बन्धी ।
- रेडप्लस वा अन्य कार्बन व्यापार संयन्त्रमा समावेश हुन चाहने निजी वन धनीहरूलाई आवद्ध गराउने सम्बन्धी ।
- रेडप्लस लगायत कार्बन उत्सर्जन न्युनीकरण तथा कार्बन सञ्चितिसँग सम्बन्धित वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित जैविक विविधता अनुगमनको तयारी तथा कार्यान्वयन सम्बन्धी ।
- कार्बन रजिष्ट्री, राष्ट्रिय वन सूचना प्रणाली, 'सुरक्षा सूचना प्रणाली व्यवस्थापन सम्बन्धी ।
- अन्य सम्बन्धित कार्यहरू ।

### १.४.१ बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दिर्घकालीन, अल्पकालीन र आवधिक योजना तथा कार्यक्रमहरू तर्जुमा गरी तोकिएको समय भित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदि बारे कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- कार्यक्रम आयोजनाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाई पठाउनु पर्ने प्रगति विवरणहरू समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- रेड प्लस सम्बन्धी नमुना परिक्षण (Piloting) बाट प्राप्त भएका सिकाइ र अभ्यासहरूको जानकारी र विवरण संकलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड प्लस सम्बन्धी नमुना परिक्षण (Piloting) सम्बन्धी विवरण अध्यावधिक गरी Website मा Upload गर्न सहयोग गर्ने ।
- रेड सम्बन्धी प्रचार प्रसार सामाग्रिहरू तयारी, उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष पेश गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरिने सो को कार्यान्वयन गर्न आवस्यक पर्ने श्रोत र कार्यान्वयनको रूपरेखा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड सम्बन्धी समूह र बहुसरोकारवालाहरूको वैठक र गोष्ठीको लागि आवस्यक पर्ने तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

### १.४.२ जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकूलन सम्बन्धी आयोजनाको सोचपत्रहरू तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकूलन सम्बन्धी कार्यक्रम बारे सोचपत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित कार्यक्रमको सम्पर्क बिन्दु (Focal Point) को रूपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमुना परीक्षणका रूपमा कार्यान्वयन भईरहेका समानुकूलन कार्यक्रमहरूको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धीत बिषयमा अध्ययन, तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालनको लागि लागत अनुमानसहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

### १.४.३ दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट मापन, प्रतिवेदन र प्रमाणीकरण (MRV) सँग सम्बन्धीत अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरू गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवं बिषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमीका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने कार्बन मापन, अनुगमन प्रतिवेदन प्रमाणीकरणसँग सम्बन्धीत बिषयवस्तुमा गरी ने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रूपमा सहभागी भई अभिलेख अद्यावधिक गर्ने ।
- कार्बन मापन र आँकलन गर्ने सम्बन्धी सञ्चालित Piloting कार्यलाई रेड कार्यान्वयन केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धीत अध्ययनहरूमा संलग्न सेवा प्रदायकसँग Focal Point को रूपमा रहि प्रक्रिया र विधि बारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयारी सम्बन्धी नविनतम प्राविधिक ज्ञान वारे अध्ययन/अनुसन्धान गरी सहकर्मी बिचमा छलफल र प्रसार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धीत बिषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।

- तोकिएको अन्य कार्यहरू समेत गर्ने ।

### १.४.४ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- विनियोजित रकम बाँडफाँट तथा खर्चको फाँटवारी तयार गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- वेरूजुको लगत राखि फछ्यौंट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

### १.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क

- प्रदेश स्तरमा रेड सम्बन्धी कार्यहरूको समन्वय गर्ने ।
- रेड कार्यान्वयन केन्द्रसँगको समन्वयमा स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- स्थानीय तह तथा समुदायहरूसँग प्रदेश स्तरमा समन्वय गर्ने ।
- रेड सम्बन्धी क्रियाकलापहरूको कार्यान्वयनमा समन्वयको कार्य गर्ने ।




चित्र ३ : रेड कार्यान्वयन केन्द्रको दरबन्दि संरचना

# भाग २

## सम्पन्न क्रियाकलापहरूको विवरण

### १. नदी उकास क्षेत्रमा नमुना बाँस रोपण कार्यक्रम (वन तथा वातावरण संरक्षण)

नदी उकास क्षेत्रको संरक्षण गरी हरियाली प्रवर्द्धन गर्दै उत्सर्जन न्यूनीकरण कार्यक्रममा टेवा पुर्याउने उद्देश्यका साथ नदी उकास क्षेत्रमा नमुना बाँस रोपण कार्यक्रम राखिएको हो । तराई भू-परिधि क्षेत्रको १३ वटा जिल्ला उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन क्षेत्रको रूपमा रहेकोमा सो को लागि बाँसको नमुना वृक्षरोपण कार्यबाट प्राप्त सिकाइले आगामी दिनमा थप क्रियाकलाप कार्यान्वयन गर्न सहयोग पुग्ने उद्देश्यका साथ यो नमुना बृक्षरोपण कार्य गरीएको हो । यो क्रियाकलाप प्रदेश नं. २ अन्तर्गतको सर्लाही जिल्लाको हरिवन र हरिहरपुर नगरपालिकाको सिमानामा पर्ने लखनदेही नदीको विभिन्न क्षेत्रमा पर्ने ५ ठाउँमा गरी ११.६२ हे. क्षेत्रफलको नदीउकास क्षेत्रमा ६८७५ बोट बाँसको बिरूवा खरिद गरी रोपण गरीएको थियो । वृक्षरोपण लागि खरिद गरीएको बाँसको बिरूवा कलमी बिरूवा रहेको, जुन २ वर्ष पुरानो तथा परालले बेरिएको, माटो सहितको जरा भएको, रोग कीरा नलागेको, स्वस्थ बिरूवा रहेको पाइएको थियो । उक्त बिरूवा कोटेशन विधिबाट सूचना प्रकाशन गरी स्थानीय नर्सरीबाट खरिद गरिएको थियो । वृक्षरोपण क्षेत्र सम्बन्धी विवरण तालिका १ दिइएको छ । सो वृक्षरोपण कार्यक्रम सम्पन्न गर्न रू. ४२०००००।– खर्च भएको छ। यो वृक्षरोपण कार्य डिभिजन वन कार्यालय सर्लाही मार्फत् कार्यान्वयन गरीएको हो ।

उक्त कार्य सम्पन्न गर्ने कार्यमा स्थानीय नगरपालिका र स्थानीय समुदायको समेत सहयोग प्राप्त भएको थियो । यस केन्द्रको सहयोगमा बिरूवा खरिद, सिमेन्टको छ फिट अग्लो पोल बनाइ ५ लाईनको तारवार गर्ने कार्य तथा वृक्षरोपणको लागि खाडल खन्ने, बिरूवा ढुवानी गरी वृक्षरोपण कार्य गर्ने लगायतका कार्य सम्पन्न भएको थियो भने स्थानीय सामुदायिक वन उपभोक्ता समूहले वृक्षरोपणको संरक्षणको लागि वन हेरालु परिचालन गरी वृक्षरोपण क्षेत्रको संरक्षणमा सहयोग पुऱ्याएको छ ।

**तालिका १ : वृक्षरोपण भएको क्षेत्रको विस्तृत विवरण**

| सि.नं. | वृक्षरोपण स्थल (प्लटको नाम र ठेगाना) | क्षेत्रफल (हे.) | रोपण भएको बिरूवा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | लखनदेही नदी उकास क्षेत्र, हरिहरपुर न.पा. २, सानोजगतपुर, सर्लाही | ४.७१ | २९४२ | तारवार सहित |
| २ | बुद्ध सा.व.उ.स., हरिहरपुर न.पा. ३ (खण्ड नं. १) | १.७८ | १११२ | तारवार मर्मत सहित |
| ३ | बुद्ध सा.व.उ.स., हरिहरपुर न.पा. ३ (खण्ड नं. २) | २.१९ | १३६८ | तारवार मर्मत सहित |
| ४ | बुद्ध सा.व.उ.स., हरिहरपुर न.पा. ३ (खण्ड नं. ३) | २.१९ | १३६८ | तारवार मर्मत सहित |
| ५ | बुद्ध सा.व.उ.स., हरिहरपुर न.पा. ३ (खण्ड नं. ४) | ०.७५ | ४६८ | तारवार मर्मत सहित |














## २. समृद्धिका लागि वन कार्यक्रम परियोजना दस्तावेज तयारी :

नेपाल सरकारले "रूपान्तरण र समृद्धिका लागि वनमा लगानी" शीर्षक तय गरी वन लगानी कार्यक्रम अन्तर्गत सन् २०१७ मा वन लगानी योजना तर्जुमा गरेको थियो । यो योजना नेपालमा वन विनाश र वन क्षयीकरणका कारक तत्वहरु सम्बोधनका लागि क्रियाशील सरोकारवालाहरूको व्यापक र गहन सहभागीतामा तर्जुमा गरीएको थियो । यो योजना कार्यान्वयनका लागि विश्व बैंकले व्यवस्थापन गर्दै

आएको जलवायु लगानी कोष अन्तर्गतको वन लगानी कार्यक्रमबाट अनुदान तथा न्यून व्याजदरको ऋणको रूपमा लगानी रहने व्यवस्था छ । यस वन लगानी कार्यक्रम अन्तर्गतको लगानी योजनाले वन क्षेत्रको सुशासनमा रूपान्तरण ल्याउन र आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी र वनमा निर्भर रहेका विपन्न समुदायको क्षमता विकास गर्ने लक्ष्य लिएको पाइन्छ । यस योजनाले पाँचवटा लगानी परियोजनाहरु पहिचान गरेको छ, जसले नेपालको रेडप्लस रणनीतिमा पहिचान गरीएका वन विनाश र वन क्षयीकरणका प्रत्यक्ष कारक तत्वहरु सम्बोधन गर्नुका साथै नेपालको राष्ट्रिय वन नीतिमा उल्लेखित कार्यनीतिहरु कार्यान्वयनमा समेत योगदान पुऱ्याउँछ । यसरी नेपाल सरकारले तयार गरेको वन लगानी योजनालाई परियोजनाको रूपमा विकास गरी परियोजना दस्तावेज तयार गरी सो सँग सम्बन्धित सह दस्तावेजहरु तयार गरी विश्व बैंक समक्ष पेश गर्ने उद्देश्यले यो क्रियाकलाप राखिएको हो ।

यो क्रियाकलाप विज्ञ परामर्शदाता (व्यक्ति) हरूबाट सेवा खरिद गरी कार्यान्वयन गरीएको थियो । यसमा टिम लिडरको नेतृत्वमा ८ सदस्यीय विज्ञ टोली गठन गरी आयोजना दस्तावेज तथा सोसँग सम्बन्धित दस्तावेजहरु तयार गरिएको थियो । बिषय विज्ञ तथा विज्ञको समयावधी सम्बन्धी विवरण तलको तालिका २ मा देखाइएको छ भने विज्ञहरूको नामावली अनुसुची-२ मा राखिएको छ ।

**तालिका २ : विज्ञ परामर्शदाता र निजहरूको समयावधी**

| सि.नं. | बिषय विज्ञ | समयावधी (दिन) | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय टोली नेता (नेसनल टिम लिडर) | ११५ | |
| २ | वातावरणीय सुरक्षा विज्ञ | ९० | |
| ३ | सामाजिक सुरक्षा विज्ञ | ९० | |
| ४ | निजी क्षेत्र अध्ययन तथा मूल्य श्रृंखला विज्ञ | ५५ | |
| ५ | अनुगमन तथा मूल्याकंन विज्ञ | ६० | |
| ६ | खरिद विज्ञ | ४५ | |
| ७ | आर्थिक व्यवस्थापन विज्ञ | ४५ | |
| ८ | ऋण व्यवस्थापन विज्ञ | ५० | |

यस बाहेक यो कार्यलाई थप सहजीकरण गर्न विश्व बैंकले नै सेवा खरिद गरी अन्तर्राष्ट्रिय टिम लिडरको रूपमा पिटर ब्रानी, डा. यम मल्ल र मेरी हब्लीलाई विज्ञ परामर्शदाताको रूपमा छनौट गरी दस्तावेज तयारीमा पुनरावलोकन तथा सहजीकरण प्रदान गरेको थियो ।

यो क्रियाकलाप अन्तर्गत विज्ञहरूबाट केन्द्रमा रहेका अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग, रेड कार्यान्वयन केन्द्रका साथै वनसँग सम्बन्धित केन्द्रका सरोकारवाला संघ संस्थाहरु नेपाल वन प्राविधिक संघ, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता

महासंघ, नेपाल वन पैदावर उद्योगी व्यवसायी महासंघ, आदिवासी जनजाती, दलित, महिला, वनमा आश्रित विपन्न एवं सिमान्तकृत समुदायका प्रतिनिधिहरू लगायतसँग छलफल गरी आवश्यक सूचना संकलन गरेको थियो । त्यसैगरी आयोजना कार्यान्वयन हुने लुम्बिनी प्रदेश तथा प्रदेश नं. २ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका वन निर्देशनालय, उद्योग निर्देशनालय र मातहतका डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूसँग छुट्टाछुट्टै स्थलगत रूपमै छलफल गरी आवश्यक तथ्यांक एवं सूचना संकलन गरीएको थियो । यस बाहेक प्रदेश तथा जिल्ला तहका सरोकारवालाहरु, सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन व्यवस्थापन समूह, वनसँग सम्बन्धित उद्योगी व्यवसायीहरु, सःमिल सञ्चालकहरु, निजी वनधनीहरु लगायतसँग छलफल गरी जानकारी संकलन गरेको थियो ।

स्थलगत अध्ययन भ्रमणबाट प्राप्त वनसँग सम्बन्धित उद्योग व्यवसाय तथा निजी क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँग एक दिने र वनको दिगो व्यवस्थापन, वन संरक्षण र वन विकाससँग सम्बन्धित बिषयहरूसँग सम्बन्धित सरोकारवालाहरूसँग एक दिने गरी जम्मा दुइ दिनको प्रादेशिक अर्न्तकृया गोष्ठी प्रदेश नं. २ मा २०७६ मंसिर १ र २ गते जनकपुरमा र लुम्बिनी प्रदेशमा २०७६ मंसिर ४ र ५ मा बुटवलमा आयोजना गरीएको थियो । जनकपुरमा भएको गोष्ठीमा ३ महिला र ८२ पुरूष गरी जम्मा ८५ जना सहभागीहरु हुनुभएको थियो भने बुटवलमा भएको गोष्ठीमा ६ महिला र ७५ पुरूष गरी जम्मा ८१ जना सहभागी हुनुभएको थियो । त्यसैगरी केन्द्रस्तरका सरोकारवालाहरूको सहभागीतामा २०७६।८।१८ गतेका दिन केन्द्रस्तरको अर्न्तकृया गोष्ठीको आयोजना गरीएको थियो । उक्त गोष्ठीमा १० महिला र ११८ पुरूष गरी जम्मा १२८ जनाको सहभागीता रहेको थियो ।

यसरी पहिलो चरणमा स्थलगत अध्ययन भ्रमण तथा गोष्ठीहरूबाट प्राप्त सिकाई, सल्लाह, सुझाव समेटी आयोजना डकुमेण्ट तर्जुमा गरीएको थियो । यसरी तयार भएको दस्तावेजको कार्यान्वयनबाट सामाजिक तथा वातावरणीय सुरक्षाका क्षेत्र तथा सरोकारवालाहरूको सहभागीता योजना सम्बन्धी बिषयमा पुनः प्रदेश तहमा लुम्बिनी प्रदेशको बुटवलमा २०७६।१०।२९ र प्रदेश नं. २ को जनकपुरमा २०७६।११।२ मा आधा दिने गोष्ठीको आयोजना गरी थप सल्लाह सुझाव लिइएको थियो । बुटवलमा सम्पन्न गोष्ठीमा ४ महिला र ६१ पुरूष गरी जम्मा ६५ जना सहभागी हुनुभएको थियो भने जनकपुरमा सम्पन्न गोष्ठीमा ६ महिला र ८१ पुरूष गरी जम्मा ८७ जना सहभागी हुनुभएको थियो । यसरी केन्द्र तथा प्रदेश तहका सरोकारवालाहरूसँगको परामर्शमा तयार गरीएको परियोजना दस्तावेज अर्थ मन्त्रालयको सहमतिमा वन तथा वातावरण मन्त्रालय मार्फत् विश्व बैंक समक्ष पेश गरिएको थियो । यो परियोजना विश्व बैंकको बोर्ड बैठकबाट सन् २०२० को जुलाई ८ मा स्विकृत भई नेपाल सरकार र विश्व बैंक बिच २०७७ चैत्र ६ मा सम्झौता समेत भइसकेको छ । यो क्रियाकलाप अन्तर्गत तयार भएका दस्तावेजहरु खासगरी Project Appraisal Document, Procurement Plan, Project Information Document, Environmental and Social Commitment Plan, Stakeholder Engagement Plan, Environmental and Social Management Plan लगायतका छन् । जुन

विश्व बैंकको वेभसाइट (httpsM//projects=worldbank=org/en/projects–operations/document–detail/P170798?type=projects) मा समेत हेर्न सकिन्छ । यस समृद्धिका लागि वन परियोजनालाई नेपाल सरकारले वन क्षेत्रको रूपान्तरणकारी योजनाको रूपमा समेत स्विकृत गरेको छ । यो परियोजना दस्तावेज तयार गर्ने समग्र क्रियाकलापको लागि कुल रू. १,२२,६८,९००।- खर्च भएको छ ।

### ३. REDD + TOT Gender and Safeguard focal person and related stakeholder.

रेड प्लस कार्यक्रमसँग सम्बन्धित तराईको रौतहट देखी कंचनपुरसम्मको क्षेत्रलाई समेटी छ वटा क्लस्टर बनाई सरोकारवालाहरूलाई रेड प्लस प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गर्ने उद्देश्यका साथ यो कार्यक्रम तर्जुमा गरीएको थियो । यो तालिम सेवा प्रदायकसंस्था मार्फत् ७ दिने तालिम सञ्चालन गर्ने गरी डिजाइन गरिएको थियो । यसको लागि मूख्य प्रशिक्षक लैङ्गिक बिषय विज्ञ, सहायक प्रशिक्षकको रूपमा रेडप्लस बिषय विज्ञ र सामाजिक तथा वातावरणीय सुरक्षा बिषय विज्ञ रहने गरी डिजाइन गरीएको थियो । यो तालिममा जिल्ला स्तरका सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरू जस्तैः डिभिजन वन कार्यालयका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ, नीजि वन महासंघ, आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति महिला महासंघ, दलित नेटवर्क, हिमवन्ती नेपाल, लगायतका प्रतिनिधिहरू सहभागी रहेका थिए ।

यो तालिम बारा, चितवन, बुटवल, दाङ, नेपालगञ्ज र धनगढी गरी छ, ठाउँमा सञ्चालन गर्ने गरी कार्यान्वयन योजना तयार गरीएको भएता पनि कोभिड १९ का कारण नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको कारण बारा, चितवन, बुटवल र दाङ गरी चार वटा ठाउँमा मात्र सञ्चालन भएको थियो। दाङ जिल्लामा भएको तालिम पुरा समय सञ्चालन हुन नसकी बिचमै नेपाल सरकारले राष्ट्रव्यापी बन्दाबन्दी घोषणा गरेको कारण स्थगित हुन पुगेको थियो । यस कार्यक्रमको लागि रू.३२,४२,४०० लागतमा सम्पन्न भई बारामा-२४, चितवनमा-२२, बुटवलमा-२५ र दाङमा - २० गरी जम्मा ९१ जनाले तालिम प्राप्त गरेका छन् जसको विस्तृत विवरण तल उल्लेख गरीएको छ ।

| सि.नं. | तालिम संचालन स्थान | महिला | पुरूष | जम्मा | दलित | आदिवासी/ जनजाति | मधेसी/ मुस्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बारा, पर्सा, रौतहट- (सिमरा) | ६ | १८ | २४ | १ | ६ | १२ | ५ | २४ |
| २. | चितवन, नवलपुर- (भरतपुर) | ११ | ११ | २२ | २ | ७ | २ | ११ | २२ |
| ३. | नवलपरासी, रूपन्देही, कपिलबस्तु- (बुटवल) | ९ | १६ | २५ | ३ | ७ | ६ | ९ | २५ |
| ४. | दाङ (घोराही) | १६ | ४ | २० | ० | ५ | ० | १५ | २० |
| जम्मा | | ४२ | ४९ | ९१ | ६ | २५ | २० | ४० | ९१ |

### ४. स्थानीय पालिकाहरूको भू-उपयोग योजना तयारी

उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको एउटा महत्वपूर्ण क्रियाकलापको रूपमा एकिकृत भू-उपयोग

योजना तयारी गरी वन विनाश तथा क्षयीकरणबाट हुने उत्सर्जन कटौतीको क्रियाकलाप कार्यान्वयन गर्ने समेत रहेको छ । सोही अनुरुप कार्यक्रम कार्यान्वयन हुने तराईको १३ जिल्ला लक्षित गरी सो आसपासका माग भएका जिल्लाहरु समेत समावेश गरी यो कार्यक्रम संचालन भएको थियो । यस अन्तर्गत ६० वटा स्थानीय तहको भू-उपयोग योजना तयार गर्ने लक्ष्य रहेकोमा सो कार्यान्वयन गर्न ३ वटा क्लस्टर बनाई सेवा प्रदायक संस्था छनौट गरी कार्यान्वयन गर्ने गरी डिजाइन गरीएको थियो । यस कार्यको स्विकृत कार्यसुची अनुसार यो क्रियाकलाप कार्यान्वयन गर्न प्रत्येक क्लस्टरमा भू-उपयोग योजना तयारी सम्बन्धी बिषयमा कम्तिमा स्नातकोत्तर उपाधी हासिल गरेको विज्ञ टोली नेता सहित, भू-उपयोग योजना तर्जूमा विज्ञ, वन विज्ञ, लैङ्गिक तथा सामाजिक समावेशीकरण विज्ञ, जिआइएस विज्ञ सहित अन्य सहयोगी सहितको टोलीले छ महिना भित्र सम्बन्धित स्थानीय तहसँग निकट रुपमा रही स्थलगत अध्ययन तथा छलफल गरी स्थानीय तहले अपनत्व हुने गरी कार्य सम्पन्न गर्ने गरी डिजाइन गरेको देखीन्छ ।

क्लस्टर १ अन्तर्गत प्रदेश नं. २ का बारा, पर्सा र रौतहट जिल्लाका विभिन्न २० पालिका, क्लस्टर नं. २ मा लुम्बिनी प्रदेश अन्तर्गतको नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची जिल्लाका २० पालिकाहरु र क्लस्टर नं. ३ अन्तर्गत दाङ, बाँके, बर्दिया र सुर्खेत जिल्लाका २० पालिकाको भू-उपयोग योजना बनाउने गरी डिजाइन गरीएकोमा खरिद प्रकृयाबाट क्लस्टर १ र २ मा मात्र सेवा प्रदायक संस्था छनौट कार्य अगाडि बढेको र क्लस्टर ३ मा सेवा प्रदायक संस्था छनौट हुन नसकी कार्य अगाडि बढ्न सकेन । यसर्थ क्लस्टर १ र २ अन्तर्गतमा परेका ४० वटा स्थानीय पालिकाहरूको भू-उपयोग योजना तयारी कार्यको लागि इन्सेप्सन (Inception) प्रतिवेदन स्विकृत भै फिल्ड कार्यहरू भइरहेकोमा कोभिड १९ कारण नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको कारण फिल्ड कार्य सम्पन्न हुन नसकी थप कार्य आ.व. ०७७।७८ को मंसिर महिना भित्र सक्ने गरी म्याद थप गरिएको थियो । आ.व. ०७६।७७ मा यस कार्यको लागि रु ३०,००,०००।- खर्च भएको थियो । भू-उपयोग योजना तयार कार्य अघि बढेका क्लस्टर अनुसारको स्थानीय तहको नामावली अनुसूचीमा ४ राखिएको छ ।

## ५. दिगो वन व्यवस्थापन योजना तयारी

वनको दिगो व्यवस्थापन मार्फत् कार्बन सञ्चिति बढाई उत्सर्जन न्यूनीकरण गर्ने गरी नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम नेपाल सरकार मार्फत् पेश भै विश्व बैंकले समेत स्विकार गरेको हो । यो उत्सर्जन न्यूनीकरण कार्यक्रम तराई भू-परिधि क्षेत्रका जिल्लाहरुमा लागू भइरहेको छ । यसै कार्यलाई सहजीकरण गर्न रेड कार्यान्वयन केन्द्रको स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत २५ वटा समुदायमा आधारित वनहरुको दिगो वन व्यवस्थापन कार्ययोजना तयार गर्ने लक्ष्य रहेको थियो । सो कार्य ३ वटा क्लस्टर बनाई सेवा प्रदायक संस्था मार्फत् तयार गर्ने गरी डिजाइन गरीएको थियो । यस कार्यको कार्यसुची अनुसार प्रत्येक क्लस्टरमा दिगो वन सम्बन्धी विज्ञ टोली नेताको नेतृत्वमा वन श्रोत सर्वेक्षण विज्ञ, लैङ्गिक तथा सामाजिक समावेशीकरण विज्ञ, जिआइएस विज्ञ सहित प्रत्येक समुदायमा आधारित वनको लागि दुई जना वन श्रोत सर्वेक्षण प्राविधिक र दुईजना सामाजिक आर्थिक तथ्यांक संकलक रहने गरी टोली

गठन गरी छ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी डिजाइन भई स्विकृत भएको थियो । यो कार्य नेपाल सरकारबाट स्विकृत प्रचलित वन ऐन, नियमावली, निर्देशिका र कार्यविधीको अधिनमा रही सोही अनुरुप तयार गर्ने व्यवस्था रहेको थियो ।

यो कार्य गर्न तीनवटा क्लस्टर बनाई सोही अनुसार सेवा प्रदायक संस्थाहरु छनौट गरी कार्य अगाडि बढाइएको थियो । जसमध्ये क्लस्टर १ अन्तर्गत कैलाली र कञ्चनपुर जिल्लाका ९ वटा, क्लस्टर २ अन्तर्गत कैलाली र बर्दिया जिल्लाका ८ वटा र क्लस्टर ३ अन्तर्गत दाङ र कपिलवस्तु जिल्लाका ८ वटा समुदायमा आधारित वन व्यवस्थापन समूहको दिगो वन व्यवस्थापन योजना तयारी गर्ने गरी कार्य अगाडि बढाइएको थियो । क्लस्टर ३ अन्तर्गतका दाङ र कपिलवस्तु जिल्लाको ८ वटा सामुदायिक वन उपभोक्ता समूहहरूको कार्ययोजना तयार भै कार्य सम्पन्न भैसकेको छ भने क्लस्टर १ र २ का १७ वटा सामुदायिक वनहरूको योजना तयारी कार्य अगाडि बढेकोमा कोभिड १९ का कारण देशव्यापी घोषणा भएको बन्दाबन्दीको कारण फिल्ड कार्य सम्पन्न हुन नसकी आ.व. ०७७।७८ को मंसिर महिना भित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको थियो । क्लस्टर ३ अन्तर्गत दिगो वन व्यवस्थापन कार्ययोजना तयारी सम्पन्न भएका सामुदायिक वनहरूको विवरण अनुसूची ३ मा राखिएको छ । यसरी परामर्शदाता संस्था मार्फत् भएका कार्यहरूको अनुगमन तथा मूल्यांकन रेड कार्यान्वयन केन्द्रको अलावा प्रदेशस्थित वन निर्देशनालयको रेड डेस्क र सम्बन्धित जिल्लाको डिभिजन वन अधिकृत सहितको टिमले स्थलगत अनुगमन तथा मूल्याकंन गरी आवश्यक पृष्ठपोषण प्रदान गरेको थियो ।

यसरी कार्य सम्पन्न भएको क्लस्टर ३ को परामर्शदाताको हकमा पूर्ण भुक्तानी र क्लस्टर १ र २ को परामर्शदातालाई आंशिक भूक्तानी भएकोमा आ.व. ०७६।७७ को अबधीमा यस कार्यक्रममा जम्मा रु ९६,७१,४००।– खर्च भएको छ ।

### सामुदायिक वनको कार्ययोजना नवीकरण

नेपालको वन व्यवस्थापनमा स्थानीय समुदायहरूको अग्रणी भुमिका रहँदै आएको छ र नेपालको सामुदायिक वन व्यवस्थापन पद्दति विश्वमै प्रचलित रहेको छ । समुदायलाई वन व्यवस्थापनको लागि एक महत्वपूर्ण कानुनी औजार सम्बन्धित सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नै हो । तथापि कतिपय जिल्लाका सामुदायिक वन उपभोक्ता समूहहरूको वन व्यवस्थापन कार्ययोजना नवीकरण हुन नसक्दा ती समूहहरु निष्कृय रहेका छन् । तसर्थ, त्यस्ता समूहहरूको वन व्यवस्थापन कार्ययोजना तयार गर्न आवश्यक सहयोग उपलब्ध गराई वन व्यवस्थापनमा कृयाशिल बनाउन र शुसासन अभिवृद्दि गर्ने उद्देश्यका साथ ५०० वटा सामुदायिक वनहरूको कार्ययोजना तयार गर्न सहयोग गर्ने लक्ष्य सहित यो क्रियाकलाप स्विकृत भएको थियो । यो कार्यक्रम सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालय मार्फत् सञ्चालन भएको थियो । यो कार्य कार्यान्वयन गर्न सम्बन्धित डिभिजन वन कार्यालयबाट एक जना सम्पर्क व्यक्ति (कर्मचारी) तोकी निज मार्फत् कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गरीएको थियो । रेड कार्यान्वयन केन्द्रको अलावा प्रदेश स्थित वन निर्देशनालयको रेड डेस्क तथा सम्बन्धित डिभिजन

वन कार्यालयका डिभिजन वन अधिकृत र योजना शाखाका अधिकृत कर्मचारीहरूले यस क्रियाकलाप कार्यान्वयनको अनुगमन सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गरीएको थियो ।

आर्थिक बर्ष २०७६।७७ मा सामुदायिक वन कार्ययोजना नवीकरण भएका डिभिजन वन कार्यालय र सामुदायिक वनको संख्या तालिका ३ मा देखाइएको छ भने सामुदायिक वनहरूको विवरण अनुसूचीमा राखिएको छ । यस आ.व.मा डिभिजन वन कार्यालय तेह्रथुम, धनकुटा, संखुवासभा, काठमाण्डौ, राप्ति (मकवानपुर), धादिङ्ग, तनहुँ, रोल्पा, डडेल्धुरा र अछाम गरी १० वटा डिभिजन वन कार्यालयले जम्मा २६५ ओटा सामुदायिक वन कार्ययोजना तयार गरी नबिकरण सम्पन्न गरेको छ । सो कार्यमा रू. ८१३२०००।– खर्च भएको छ ।

**तालिका ३: सामुदायिक वनको कार्ययोजना नवीकरण भएका जिल्ला, डिभिजन तथा संख्या**

| सि.नं. | जिल्ला | डिभिजन वन कार्यालय | सामुदायिक वन संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | तेह्रथुम | तेह्रथुम | १६ | |
| २ | धनकुटा | धनकुटा | ११ | |
| ३ | संखुवासभा | संखुवासभा | २२ | |
| ४ | काठमाण्डौ | काठमाण्डौ | ३५ | |
| ५ | मकवानपुर | राप्ती | ५१ | |
| ६ | धादिङ | धादिङ | २१ | |
| ७ | तनहुँ | तनहुँ | ३२ | |
| ८ | रोल्पा | रोल्पा | ७ | |
| ९ | डडेल्धुरा | डडेल्धुरा | ४० | |
| १० | अछाम | अछाम | २७ | |
| | जम्मा | | २६५ | |





## ६. मध्यवर्ती सामुदायिक वन कार्ययोजना नवीकरण

राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्रमा रहेका समुदायमा आधारित वन व्यवस्थापन समूहहरूलाई सकृय बनाई वन संरक्षण तथा विकासमा सहभागी गराई उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई सहयोग पुर्याउने उद्देश्यका साथ यो कार्यक्रम रहेको थियो । यो कार्यक्रम सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय मार्फत सञ्चालन गरीएको हो । यसका लागि सम्बन्धित निकुञ्ज कार्यालयले एक जना सम्पर्क कर्मचारी तोकी निजको सहजीकरणमा यो कार्यक्रम लागू गरिएको थियो । यो कार्यक्रम आवश्यकताका आधारमा चितवन रा.नि., बर्दिया रा.नि., बाँके रा.नि. र शुक्लाफाँटा निकुञ्जको मध्यवर्ती क्षेत्रमा लागू गरीएको थियो । निकुञ्ज अनुसार नवीकरण गरीएका मध्यवर्ती सामुदायिक वनको संख्या सहितको विवरण तालिका ४ मा दिइएको छ भने सो सम्बन्धी विस्तृत विवरण अनुसूची ६ मा राखिएको छ । यस क्रममा चारवटै निकुञ्ज कार्यालयको गरी जम्मा ४० ओटा मध्यवर्ती सामुदायिक वन कार्ययोजना नवीकरण गर्ने कार्य सम्पन्न भएको छ भने यसको लागि जम्मा रू. २००००००।– खर्च भएको छ ।

**तालिका ४: मध्यवर्ती सामुदायिक वनको कार्ययोजना नवीकरण सम्बन्धी विववरण**

| सि.नं. | निकुञ्ज कार्यालय | मध्यवर्ती सामुदायिक वन संख्या | कैफियत |
|---|---|---|---|
| १ | शुक्लाफाँटा | १० | |
| २ | बर्दिया | ९ | |
| ३ | बाँके | ९ | |
| ४ | चितवन | १२ | |
| | जम्मा | ४० | |

## ७. लाभ वितरण योजनाको पुनरावलोकन तथा पूर्णरूप दिने कार्य (Review and Finalization of Benefit Sharing Plan)

रेड कार्यान्वयन केन्द्रको आ.व. ०७५।७६ मा कार्बन सेवा मार्फत प्राप्त हुने लाभको वितरण योजना (Benefit Sharing Plan) बनाउने कार्यक्रम अनुसार लाभको वितरण योजनाको पहिलो मस्यौदा उक्त आ.व.मा तयार भएको थियो । विश्व बैंकसँग कार्बन खरिद बिक्री सम्बन्धी सम्झौताका लागि कम्तिमा पनि Advanced Draft Benefit Sharing Plan को आवश्यक पर्ने भएकाले आ.व. ०७६।७७ मा यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम सेवा प्रदायक संस्था मार्फत् गरीएको थियो । यस क्रियाकलाप अन्तर्गत मूख्य रुपमा विश्व बैंकबाट Benefit Sharing Plan को मस्यौदामा प्राप्त सुझावहरु समेटेर वनसँग सम्बन्धित विज्ञ तथा सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी विभिन्न चरणमा मस्यौदालाई परिमार्जन गरीएको थियो । यसरी विभिन्न चरणमा परिमार्जन गर्दै तयार गरीएको Benefit Sharing Plan विश्व बैंकबाट गहन पुनरावलोकन भई यस आ.व.मा Advanced Draft Benefit Sharing Plan को रुपमा स्विकृत भएको थियो । यो कार्यक्रम रू.४,९८०००।– लागतमा सम्पन्न भएको छ ।

## ८. राष्ट्रिय वन तथ्यांक सूचना प्रणालीको स्थापना एवं विकास (Updating National Forest Database & Information System)

वन सम्बन्धी सूचना, तथ्यांक र जानकारीहरूलाई वेभसाइट मार्फत् दिगो रुपमा सञ्चालन गरी व्यवस्थित हिसाबले सञ्चालन गर्न राष्ट्रिय वन तथ्यांक सूचना प्रणालीको स्थापना एवं विकासको मुख्य उद्देश्य हो । यस सँग सम्बन्धी जानकारीहरू र तथ्यांक सूचना प्रणाली सँग सम्बन्धित सरोकारवालाहरू वन तथा वातावरण मन्त्रालय, केन्द्रीय तथ्यांक विभाग, इसिमोड, विश्व वन्यजन्तु कोष नेपाल, लगायतको विभिन्न निकायका प्रतिनिधिहरुको सहभागीतामा छलफल गरी राष्ट्रिय वन तथ्यांक सूचना प्रणाली स्थापना र सञ्चालन सम्बन्धी एक दिने अर्न्तकृया कार्यक्रम आयोजना गरी सुझाबहरू संकलन गरीएको थियो । यो अर्न्तकृया कार्यक्रमबाट वनसँग सम्बन्धित एकिकृत तथ्यांकको अभाव रहेकाले यथाशिघ्र वन तथा वातावरण मन्त्रालय वा मातहतको निकायबाट वार्षिक कार्यक्रमको रुपमा प्रस्ताव गरी वन तथा वातावरण

मन्त्रालयले सञ्चालन गर्ने गरी राष्ट्रिय वन तथ्यांक सूचना प्रणाली विकास गरी सञ्चालन गर्न सुझाव प्राप्त भयो । यो अर्न्तकृयाबाट प्राप्त सुझाव क्रियाकलाप सञ्चालनका लागि कार्यसुची तयारीको लागि एक आधारको रूपमा लिइयो । कोभिड १९ कारण सिर्जित परिस्थितिले यस कार्यक्रममा थप प्रगति हुन सकेन । यस कार्यक्रमको लागि रू. ६१९००।- खर्च भएको छ ।

## ९. सूचना प्रणाली तथा नवीकरण खर्च

महालेखा नियन्त्रण कार्यालय एवं कोष तथा लेखा नियन्त्रण कार्यालयको कोष तथा लेखा व्यवस्थापनको लागि रू. ९८२००।- लागतमा आवश्यक नयाँ सूचना प्रणालीको स्थापना र पुनरावलोकन कार्य सम्पन्न भएको छ ।

## १०. टिम बिल्डिंग तालिम (Team Building Training)

कार्यालयको कामकाजलाई सबै कर्मचारीहरूले अपनत्व लिई समूह कार्य [Team Work] बाट संस्थाको समग्र कार्य सम्पादन र प्रगतिमा तिब्रता र सहजता प्राप्त गर्ने उद्देश्यले टिम बिल्डिंग तालिम [Team Building Training] व्यवस्था गरीएको हो। यस तालिममा रेड कार्यान्वयन केन्द्र, रेड प्लससँग सम्बन्धित कार्य क्षेत्र भएका केन्द्र तथा प्रदेशका निकायहरु राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश वन निर्देशनालयका रेड डेस्क फोकल पर्सन तथा प्रतिनिधिहरू ८ जना महिला र १३ जना पुरूष गरी जम्मा २१ जनाको सहभागीता थियो । यो तालिम तीन दिनसम्म सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी किनारमा अबस्थित बोर्डरल्याण्ड रिसोर्टमा सञ्चालन भएको थियो भने यसमा कुल जम्मा रू. ५,७९,०००/- खर्च भएको थियो।








### ११. प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिवृद्धि कार्यक्रम

नेपालको रेडप्लस राष्ट्रिय रणनीति २०७५ले प्रदेश तहमा रहेका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा रेडप्लस एकाई स्थापना गर्ने व्यवस्था गरेको छ । प्रदेश तहमा रहने प्रदेश रेडप्लस एकाईले प्रदेशभित्र रेडप्लस कार्यक्रम कार्यान्वयन र अनुगमनका क्रममा जिल्ला तथा डिभिजन तहमा रहेका कार्यालयहरूसँग समन्वय गर्ने व्यवस्था गरेको छ । यसै क्रममा सुदूर पश्चिम प्रदेशको वन निर्देशनालयमा स्थापित रेड डेस्कबाट मातहतका कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिमा रेड सँग सम्बन्धित क्षमता अभिवृद्धि गोष्ठीको कार्यक्रम २०७७ ज्येष्ठ २९ र ३० गते धनगढीमा सञ्चालन गरेको थियो । उक्त गोष्ठीमा ५ महिला र २३ पुरुष गरी जम्मा २८ जना सहभागी रहेका थिए । यसै गरी प्रदेश रेड डेस्क मार्फत् डिभिजन वन कार्यालयहरूले सञ्चालन गरेका उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा रेड कार्यान्वयन केन्द्रको सहयोगमा परामर्शदाता संस्थाहरूबाट उक्त प्रदेशमा भए गरेका क्रियाकलापहरूको अनुगमन कार्य गरेको थियो । सुदूर पश्चिम प्रदेश रेड डेस्क मार्फत् कार्यक्रम सञ्चालनको क्रममा रु ४ लाख खर्च भएको थियो भने अन्य प्रदेशका रेड डेस्क बाट सञ्चालन हुने कार्यक्रम कोभिड १९ का कारण सिर्जित परिस्थितिले कार्यान्वयन हुन सकेन ।

## १२. लैङ्गिक नेतृत्व विकास तालिम (Gender Leadership Training)

रेड प्लस कार्यक्रम सँग सम्बन्धित सरोकारवाला निकायहरूको लैङ्गिक विषय सम्बन्धी नेतृत्व विकास, क्षमता अभिवृद्धि, सिप विकास तथा शशक्तिकरण गर्नु नै यो तालिमको मूख्य उद्देश्य हो । प्रदेश नं, १ को १३ वटा जिल्लाका हिमवन्ति नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन), पारिवारिक निजी वन महासंघ (एफोन), प्राकृतिक श्रोत व्यवस्थापनमा दलित समुदाय (डानर नेपाल) का जिल्ला प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, प्रदेश रेड डेस्क फोकल पर्सन लगायत समावेश भई २०७६ कार्तिक ३ देखि ५ गतेसम्मा विराटनगरमा तालिम सम्पन्न भएको छ ।उक्त तालिममा ३७ जना महिला र ५ जना पुरुष गरी जम्मा ४२ जना सहभागीहरूको सहभागीता भई रू. ४०००००।- को लागतमा सम्पन्न भएको थियो । उक्त तालिमको समन्वय तथा सहजीकरण हिमवन्ती नेपालले गरेको थियो ।







## १३. वन क्षेत्रमा लैङ्गिक समावेशीकरण राष्ट्रिय गोष्ठी National Workshop Of Gender Integration In Forestry

नेपालको संविधान (२०७२) ले समतामलक समाजको परिकल्पना गरेको छ । राज्यको प्रत्येक निकायमा कम्तिमा समानुपातिक सिद्धान्तको आधारमा महिला सहभागीताको सुनिश्चितता सहित उनीहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिने भनी सकारात्मक विभेदको संवैधानिक व्यवस्था गरेको छ । वन तथा वातावरण मन्त्रालयले विभिन्न राष्ट्रिय नीति, कानुन तथा अन्तर्राष्ट्रिय वहसमा सम्झौता तथा सर्मथन जनाई वन क्षेत्रमा लैङ्गिक बिषयलाई स्थान दिई आन्तरिकीकरण गर्दै आएको छ । नीतिगत व्यवस्थामा केही व्यवस्था वन लैङ्गिक समावेशीकरणका लागि रूपान्तरणकारी भएका छन जस्तै सामुदायिक वन विकास मार्गदर्शन २०६५ मा सामुदायिक वन उपभोक्ता समितिमा कम्तिमा ५०% महिला सहभागीता तथा अध्यक्ष वा सचिवमा महिला अनिवार्य हुनुपर्ने व्यवस्थाले सामुदायिक वनमा महिलाको सहभागीता र नेतृत्व विकासमा उल्लेखनीय भूमीका खेलेको छ। यो सफल अभ्यासलाई थप विस्तृत गर्न हालको वन नीति २०७६ ले वन क्षेत्रका सबै सरकारी, सामुदायिक, सहकारी र निजी संस्थाहरूमा लैङ्गिक विभेदको अन्त्य गर्ने नीति लिएको छ र वन ऐन २०७६ ले लाभांसको वितरणमा महिलाहरूको पहुँचको सुनिश्चितता गरेको छ ।

वन क्षेत्रमा लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति २०६५ ले १) नीतिगत वातावरण, २) सुशासन र संस्थागत संरचना, ३) कार्यक्रम, बजेट र अनगुमन पद्धति र ४) स्रोत, निर्णय प्रक्रिया र अबसरमा न्यायोचित पहुँच गरी चार वटा परिवर्तनका क्षेत्रहरू पहिचान गरी रणनीतिहरू तर्जुमा गरेको थियो । लैङ्गिक मैत्री नीतिगत व्यवस्था, लैङ्गिक सम्पर्क व्यक्ति, लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक मैत्री स्रोत साधन जस्ता व्यवस्था गरेको यो रणनीति तथा अन्य सबै नीतिगत व्यवस्था वास्तवमै कति फलदायक भए ? वन क्षेत्रमा महिलाहरूको सहभागीता कस्तो रहेको छ ? विद्यमान नीतिगत, संस्थागत, कार्यक्रम तथा बजेट र कार्य वातावरण के कस्ता रहेका छन् ? महिलालाई कार्य गर्दा आएका चुनैतीहरूको विश्लेषणका साथै वन क्षेत्रमा लैङ्गिक समावेशीकरणका लागि सचेतना गराउने उद्धेश्यले वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्रले "वन क्षेत्रमा लैङ्गिक समावेशीकरण राष्ट्रिय गोष्ठी" आयोजना गरेको थियो ।

वि.सं. २०७६ साल फाल्गुन १७ गते देखी १९ गते सम्म ललितपुरको गोदावरीमा संचालन भएको "वन क्षेत्रमा लैङ्गिक समावेशीकरण राष्ट्रिय गोष्ठी" मा राष्ट्रिय/अन्तर्राष्ट्रिय लैङ्गिक विज्ञ, वन क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, सामुदायिक, निजी क्षेत्रका सहभागीका साथै अध्ययन, अध्यापन तथा अनसुन्धानमा संलग्न सहभागीहरू समेटी २३० जनाको सहभागीता थियो । यस गोष्ठीको उदघाटन सत्रमा वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, महाशाखा प्रमुखज्युहरू, विभागीय प्रमुखज्युहरूको उपस्थिति रहेको थियो भने समापनसत्रमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रिज्यूको उपस्थिति रहेको थियो।

यस गोष्ठिमा १९ वटा कार्यपत्रलाई ७ वटा समूह (समुदायमा आधारित वन क्षेत्र, नीजि तथा उत्पादनमुखी वन क्षेत्र, जलवायु तथा वातावरणको क्षेत्र, अध्ययन अनसुन्धान तथा पत्रकारिताको क्षेत्र, भू तथा जलाधार क्षेत्र, संरक्षित क्षेत्र, वन तथा वातावरण मन्त्रालयको आन्तरिक संरचना) मा प्रस्तुत गरीएको थियो । सबै प्रस्तुतिहरूमा छलफललाई बृहत् बनाउने उद्धेश्यले सबै समूहहरूमा लैङ्गिक विज्ञ, बिषयगत विज्ञहरूको प्यानल बनाई प्यानलिष्ट छलफल समेत गरीएको थियो । सो हरेक समूहको प्रस्तुतिलाई थप अर्थपूर्ण बनाउन फिल्डमा अग्रपंतिमा रहेका व्यक्तिहरूको व्यक्तिगत भोगाइ तथा सिकाइ समेत प्रस्तुत गरीएको थियो । प्रस्तुति र छलफलहरूमा नीति तथा संस्थागत व्यवस्थाका वाबजूद पनि अपेक्षित उपलब्धि हासिल नभएको बिषयमा बृहत् छलफल पश्चात नीति तथा संस्थागत व्यवस्थाका साथसाथै हामीले हाम्रो सामाजिकीकरणलाई समेत महत्व दिई त्यस क्षेत्रमा कार्य गर्नुपर्ने निष्कर्ष थियो ।

तसर्थ, यस कार्यशाला गोष्ठिले वन क्षेत्रमा महिला सहभागीता अर्थपूर्ण र पहुँचयोग्य बनाउन महिला मैत्री नीतिगत व्यवस्था, संरचनात्मक सुधार योजना तथा कार्यक्रमको आवश्यकता तथा कार्य वातावरण निर्माणमा जोड दिनुपर्नेका साथसाथै संस्थागत तयारीको बिषयलाई अबको कार्यदिशा मानेको छ । यो राष्ट्रिय कार्यशाला गोष्ठीले वन क्षेत्रमा लैङ्गिक समावेशीकरण आन्तरिकीकरण गर्नका लागि ४ वटा क्षेत्रमा ३४ बुदाको घोषणा पत्र समेत जारी गरेको छ । यस गोष्ठीमा प्रस्तुत भएका पेपरहरु संलग्न राखी गोष्ठीको प्रतिवेदन समेत प्रकाशन गरीएको थियो । यो तीन दिने गोष्ठी सञ्चालन तथा कार्यक्रमहरू यससँग सम्बन्धित प्रतिवेदन प्रकाशन समेत गरी रू. २७,४५,०००/- खर्च भएको थियो ।












## १४. रेड सँग सम्बन्धित निकायहरूको लैङ्गिक अवधारणा क्षमता अभिवृद्धि कार्यक्रम

रेड सँग सम्बन्धित निकायका कर्मचारीहरूको लैगिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका ३७ महिला र ५ पुरुष गरी जम्मा ४२ जनाको सहभागीतामा तीन दिने क्षमता अभिवृद्धि सम्बन्धी एक क्रियाकलाप २०७६ साल भाद्र १२ देखि १४ गते सम्म काठमाण्डौंमा सम्पन्न भएको थियो। यस क्रियाकलाप अन्तर्गत लैङ्गिक अवधारणा सम्बन्धी प्रशिक्षण, अर्न्तकृया तथा छलफल लगायतका कार्य भएका थिए ।

यसैगरी दोश्रो क्रियाकलाप त्रिभुवन विश्वविद्यालयका प्राध्यापक, उपप्राध्यापक, पाटन बहुमुखी क्याम्पस, पद्मकन्या क्याम्पस, आर.आर. क्याम्पस, भक्तपुर क्याम्पस, ह्वाइटहाउस क्याम्पसका प्राध्यापक कर्मचारीहरू, लैगिक बिषय विज्ञ, कान्तिपुर मिडियाका २ पुरूष र ६४ महिला गरी जम्मा ६६ जनाको सहभागीतामा एकदिने गोष्ठी सम्पन्न भएको छ। उक्त दुवै गोष्ठी रू. ३,६९,०००।– र को लागतमा सम्पन्न भएको थियो ।





## १५. योजना तर्जुमा र समिक्षा गोष्ठी

रेड कार्यान्वयन केन्द्रको आ.व. ०७६।७७ को प्रथम चौमासिक अबधी र दोश्रो चौमासिक अबधिको बजेट तथा कार्यक्रम कार्यान्वयनको अबस्थाको प्रगति समिक्षा सम्बन्धी एक एकदिने कार्यक्रम रेड कार्यान्वयन केन्द्रको सभाहलमा सम्पन्न भएको थियो । यसैगरी आ.व. ०७७र/७८ को वार्षिक कार्यक्रम तयार गर्न अर्थ मन्त्रालयको आर्थिक कार्यविधि तथा वन तथा वातावरण मन्त्रालयको बजेट सिलिंग, योजना तथा प्राथमिकता अनुसार एकदिने योजना तर्जुमा गोष्ठी सम्पन्न भएको थियो । योजना तर्जुमा तथा प्रगति समिक्षा गोष्ठीमा कुल जम्मा रू. ६४,०००।- र खर्च भएको छ ।

## १६. विकास साझेदार संस्थाहरूसँग मिसन, छलफल, अन्तरक्रिया र गोष्ठी

रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम नेपाल सरकार र विश्व बैंकको अनुदानमा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रममा मूख्यतया प्रशासनिक खर्च नेपाल सरकारले तथा कार्यक्रमगत खर्च विश्व बैंकको अनुदानको श्रोतबाट सञ्चालन भइरहेको छ । विश्व बैंक र नेपाल सरकारबीच सन् २०१७ मा भएको सम्झौता बमोजिम रेडप्लस तयारी क्रियाकलाप अन्तर्गत तयारीको क्रममा गर्नुपर्ने मुख्य क्रियाकलापहरू रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम अन्तर्गत कार्यान्वयन भइरहेको छ । यसरी कार्यक्रम कार्यान्वयनको क्रममा सञ्चालन गरेका क्रियाकलापहरूको अनुगमन मूल्यांकन, प्राप्त सिकाइ, समस्या र समाधानको उपायहरु र आगामी कार्यदिशाको सम्बन्धमा विकास साझेदार संस्थाहरूबाट अर्धवार्षिक मिसन् सञ्चालन हुने गर्दछ । सो क्रममा रेड कार्यान्वयन केन्द्र लगायत रेडप्लस कार्यक्रमसँग सम्बन्धित विभिन्न निकायहरूसँग भेटघाट छलफल तथा स्थलगत अवलोकन भ्रमण समेतका कार्यहरु हुन्छन् । आ.व. ०७६।७७ मा रेडप्लस तयारी कार्यक्रम अन्तर्गत एउटा र समृद्धिका लागि वन परियोजना तयारी सम्बन्धित २ वटा मिसन भौतिक रूपमा र एकवटा मिसन कोभिड १९ को कारण अनलाईन मार्फत् सञ्चालन भएको थियो । यस किसिमको मिसनको क्रममा जम्मा रू. ८२,०००/- रकम खर्च भएको थियो ।



*समृद्धिको लागि वन परियोजना तयारीको लागि सञ्चालित मिसनको क्रममा स्थलगत भ्रमणको क्रममा लिइएको तस्विर*

## १७. राष्ट्रिय रेड समन्वय समितिको बैठक तथा गोष्ठी

नेपालको रेडप्लस राष्ट्रिय रणनीति २०७५ ले संस्थागत संरचना अन्तर्गत राष्ट्रिय रेडप्लस निर्देशक समिति र राष्ट्रिय रेडप्लस समन्वय समितिको परिकल्पना गरेको छ । राष्ट्रिय रेडप्लस निर्देशक समितिको अध्यक्ष माननीय वन तथा वातावरण मन्त्रीले गर्ने व्यवस्था रहेको छ भने राष्ट्रिय रेडप्लस समन्वय समितिको अध्यक्षता वन तथा वातावरण मन्त्रालयको सचिवले गर्ने व्यवस्था रहेको छ । समन्वय समितिमा वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरू, मन्त्रालय अन्तर्गतका विभाग र केन्द्रका विभागीय प्रमुखहरू, वन व्यवस्थापन गर्दै आएका आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित र निजी क्षेत्रका प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधि गरी कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना मन्त्रालयबाट मनोनित प्रतिनिधिहरू सदस्य रहने व्यवस्था रहेको छ । यस समितिले निर्देशक समितिको बैठकका लागि बिषयवस्तुहरू सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरू अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरू गर्ने व्यवस्था रहेको छ ।

राष्ट्रिय रेडप्लस समन्वय समितिले राष्ट्रिय रेडप्लस रणनीतिमा उल्लेखित प्राथमिकता प्राप्त कार्यक्रमहरूलाई अन्य क्षेत्रका कार्यक्रमसँग एकीकृतगर्न मद्दत गर्ने, रेडप्लस कार्यक्रमहरूको अनुगमन गर्ने र यसका लागि रचनात्मक उपायहरू निकाल्ने कार्यमा महत्वपूर्ण भूमीका निर्वाह गर्ने अपेक्षा गरीएको छ । यसका साथै यस समितिमा प्रतिनिधित्व गर्ने बिषयगत संघ संस्थाका प्रतिनिधिहरूले विभिन्न तहका योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा उनीहरूका प्रतिनिधिहरूको सहभागीता सुनिश्चित गराउनका लागि नीति निर्माण तहमा वकालत गर्ने छन् । राष्ट्रिय रेडप्लस समन्वय समितिले आफ्नो कार्यसूची आफै तयार गर्नेछ । राष्ट्रिय रेडप्लस समन्वय समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित बिषय विज्ञ र सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

यसै क्रममा राष्ट्रिय रेडप्लस रणनीति २०७५ अनुरूप राष्ट्रिय रेड प्लस समन्वय समिति गठन भई सो को पहिलो बैठक २०७६ साल माघ २९ गते बुधवारको दिन काठमाण्डौंमा सम्पन्न भएको थियो । सो बैठकमा ३ महिला र २७ पुरुष गरी जम्मा ३० जनाको सहभागीता रहेको थियो । यस बैठकबाट नेपाल रेडप्लस तयारी सहयोग कार्यक्रमको म्याद थप सम्बन्धी बिषय र राष्ट्रिय रेड प्लस समन्वय समितिको कार्यविवरण र आन्तरिक कार्यविधि तयार गर्ने बिषयमा छलफल भएको थियो । यस कार्यक्रम सञ्चालनको क्रममा रू.१,३५,०००।- खर्चमा भएको थियो ।

## १८. श्रव्य दृष्य निर्माण

वन क्षेत्रमा लैङ्गिक समावेशीकरण राष्ट्रिय गोष्ठीलाई लक्षित गरी योसँग सम्बन्धित अन्य क्रियाकलाप समेत समावेश गरी प्रचार प्रसार एवं अभिलेखीकरण गर्ने उद्देश्यका साथ गोष्ठीको अबधीभरका श्रव्य दृष्य रेकर्ड गरी सो समेतको आधारमा श्रव्य दृष्य तयार गरी राष्ट्रिय टेलिभिजन प्रसारण मार्फत प्रसार गरीएको हो । यो कार्य परामर्शदाता संस्था मार्फत गरिएको थियो । यसरी तयार भएको श्रव्य दृष्य नेपाल टेलिभिजन मार्फत् प्रसार समेत गरीएको थियो । यो श्रव्य दृष्य निर्माण तथा प्रसारण गर्न रू. ४४३०००।- खर्च भएको छ।

## १९. लैङ्गिक क्षमता अभिवृद्धि सम्बन्धी तालिम म्यानुअल तयारी र प्रकाशन

अन्तर्राष्ट्रियस्तरमै रेडप्लस कार्यक्रममा सामाजिक र वातावरणीय सुरक्षा कवचलाई महत्वपूर्ण कडीको रूपमा लिइन्छ । सामाजिक सुरक्षा कवचको रूपमा लैङ्गिक सहभागीताको बिषय महत्वका साथ समावेश हुने गरेको छ । यसै सन्दर्भमा रेडप्लसका क्रियाकलापहरू सञ्चालन गर्दा लैङ्गिकमैत्री बनाउने सन्दर्भमा वन क्षेत्रमा कार्यरत निकायहरूको प्रतिनिधिहरूलाई लैङ्गिक क्षमता अभिवृद्धिको लागि प्रदान गरी ने तालिमलाई व्यवस्थित र स्तरीय बनाउने उद्देश्यका साथ यो क्रियाकलाप राखिएको थियो । यस क्रियाकलाप मार्फत् तालिमका उपयुक्त बिधि छनौट गर्ने, उपयुक्त सामाग्री प्रयोग गर्ने, समय व्यवस्थापन, प्रशिक्षक र प्रशिक्षार्थी बिचको जानकारी आदान प्रदान गर्ने स्तर र तरिकाहरूको बारेमा कसरी तालमेल मिलाएर सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने बिषयलाई समेटेर लैङ्गिक क्षमता अभिवृद्धि सम्बन्धी तालिम म्यानुअल तयार गरीएको छ । यो क्रियाकलाप परामर्श सेवा मार्फत् सञ्चालन गरीएको थियो । यस क्रियाकलाप सञ्चालन गर्न एक जना लैङ्गिक बिषय विज्ञको नेतृत्वमा एक जना सहयोगी सदस्य रहेको टोलीले तयार गरेको हो । उक्त म्यानुअल तयारी गर्दा रू. ३९७०००।- खर्च भएको छ ।

## २०. सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया तथा गोष्ठी

यस अन्तर्गत दुईओटा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न भएको छ । जसमा एउटा सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई रेड प्लस कार्यक्रमको बारेमा समन्वय एवं जानकारी गराउने, कार्यक्रम कार्यन्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व बढाई रेड प्लस कार्यक्रमको प्रभावकारिता बढाउन सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया तथा गोष्ठीको आयोजना गरीएको हो। यस अन्तरक्रिया

कार्यक्रम रेडप्लससँग सम्बन्धित सरोकारवाला सरकारी निकायका प्रतिनिधिहरु, समुदायमा आधारित वन व्यवस्थापन सञ्जालका प्रतिनिधिहरु, वन वातावरणका क्षेत्रका शिक्षण संस्थाका प्रतिनिधिहरु, वन क्षेत्रमा कृयाशिल अनुसन्धानमूलक संस्थाका प्रतिनिधिहरु, वनसँग सम्बन्धित पेशागत संघ संस्थाका प्रतिनिधिहरु, राष्ट्रिय दलित नेटवर्क, आदिवासी जनजाति महासंघका प्रतिनिधिहरूको सहभागीतामा काठमाण्डौंमा एक दिने गोष्ठी आयोजना २०७६ माघ ६ गते सञ्चालन गरिएको थियो । उक्त गोष्ठीमा ७ महिला र ३० पुरुष गरी जम्मा ३७ जना प्रतिनिधिहरूको सहभागीता रहेको थियो । यो क्रियाकलाप सञ्चालन गर्दा रु ११३२९४।– खर्च भएको थियो ।

## २१. राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न दिवस, समारोह तथा गोष्ठी

प्रत्येक बर्ष आश्विन – ७ गते पर्ने राष्ट्रिय संरक्षण दिवसमा संरक्षणसँग सम्बन्धित निकायहरू वन तथा वातावरण मन्त्रालय र मातहतका विभागका प्रमुख तथा प्रतिनिधिहरू, राष्ट्रपति तराई मधेश संरक्षण विकास समितिका सदस्य सचिव, विश्व वन्य जन्तु कोष नेपाल, प्रकृति संरक्षण कोष, ZSL, WCN, BCN, IUCN, UNDP, FAO, NFA लगायतको संस्थाहरूको ७८ जना प्रतिनिधिहरूको सहभागीता भएको थियो। उक्त दिवसमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक श्री रामचन्द्र कंडेलज्यू बाट संरक्षण सम्बन्धी भए गरेका प्रगति, बर्तमान अबस्था, चुनौती र भावि रणनीतिका बारेमा प्रस्तुत गर्नु भएको थियो भने अन्य सहभागीहरूले भावि रणनीति बारे सुझाब दिनु भएको थियो । यो कार्यक्रम रू. ९६०००।– लागतमा सम्पन्न भएको थियो।

यसैगरी निजामती सेवा दिवसको अबसरमा डिभिजन वन कार्यालय भक्तपुरसँगको समन्वयमा भक्तपुरको मध्यपुर थिमि न.पा.४ को बालकुमारीविष्णुविर सामुदायिक वनको ०.११ क्षेत्रफलमा फलफुल तथा वन प्राजातिका १५० विरूवा वृक्षरोपण गरी कार्यक्रम सञ्चालन गरी केन्द्रीय स्तरको निजामती सेवा दिवसको कार्यक्रम सञ्चालन गरीएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका सचिवज्यूहरु, सहसचिवज्यूहरु लगायत विभिन्न कार्यालयका निजामती कर्मचारीहरु सहित १२१ जना सहभागी हुनुहुन्थ्यो । उक्त वृक्षरोपण कार्यक्रमको प्रमुख अतिथि मूख्य सचिव लोकदर्शन रेग्मी हुनुहुन्थ्यो । उक्त कार्यक्रम सञ्चालन गर्दा रु ३२,५१५।– खर्च भएको थियो ।

## २२. कृषि वन सम्बन्धी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गोष्ठी

निजी तथा सार्बजनिक जग्गामा कृषि वन विकासको कार्यक्रमको माध्यमबाट बायुमण्डलमा भएको कार्बनडाइअक्साईड ग्यासलाई कार्बनको रुपमा संचित गरी उत्सर्जन न्यूनीकरणमा सहयोग पुराउने उद्देश्यले कृषि वन सम्बन्धी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गोष्ठी राखिएको हो । कृषि वन सम्बन्धी सरोकारवाला संस्था पारिवारिक निजी वन नेपाल (एफोन) को संयोजनमा देश भरिका पारिवारिक निजी वनधनीहरुको समूह बनाई कृषि वन सम्बन्धी विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू संचालन गर्दै आएको छ।उक्त संस्थाको पारिवारिक निजी वन समूहको विभिन्न जिल्लाका प्रतिनिधिहरू महिला-२० र पुरूष-३५ गरी जम्मा ५५ जनाको सहभागीतामा दुइदिने कृषि वन सम्बन्धी क्षमता अभिवृद्धि गोष्ठी

काठमाण्डौमा २०७६ पौष महिनामा सञ्चालन भएको थियो । यस कार्यक्रम कार्यान्वयन गर्दा रू. २,९०,०००/- खर्च भएको थियो।





## २३. वार्षिक प्रतिवेदन प्रकाशन, डायरी क्यालेन्डर छपाई, उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज नेपाली छपाई र अध्ययन प्रतिवेदन रणनीति तालिम सामाग्री छपाई

आ.व. ०७५/०७६ को वार्षिक कार्यक्रमहरूलाई समेटेर वार्षिक प्रतिवेदन ३०० प्रति प्रकाशन भएको थियो। त्यसैगरी वि.सं. २०७७ सालको डायरी ५०० प्रति, क्यालेन्डर ५०० प्रति छपाई गरीएको थियो । यसैगरी पाँच प्रकारका सूचना सामाग्रीहरु "नेपाल राष्ट्रिय रेडप्लस रणनीति २०७५-२०७९", "रेडप्लस र कार्बन व्यापार सम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत प्रावधान", "कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम", "नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारूप", "National Forest Reference Level, Nepal" को १५००-१५०० प्रति प्रकाशन गरीएको थियो । यी सबै दस्तावेज लगायतका कागजातहरु प्रकाशन गर्दा कुल जम्मा रू. ९०३,०००।- खर्च भएको थियो ।









सूचना सामग्री नं.: ०१/२०७६-७७

# नेपाल राष्ट्रिय रेडप्लस रणनीति २०७५-२०७९

रेड कार्यान्वयन केन्द्र

## १. परिचय

नेपाल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौताको पक्ष राष्ट्र भएको सन्दर्भमा अन्तर्राष्ट्रिय दायित्व पुरा गर्दै राष्ट्रिय प्राथमिकता र आवश्यकता अनुरुप कार्य गर्दै आईरहेको छ। रेडप्लस कार्यक्रम जलवायु परिवर्तनको समस्या समाधान गर्न अपनाइने एक न्यूनीकरणको उपाय हो।

वन विनास रोक्ने, वनको गुणस्तर ह्रास हुन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको सम्मिश्रित रुप नै रेडप्लस हो। रेडप्लस कार्यक्रम अन्तर्गत पाँच वटा क्रियाकलापहरू: (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणको माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन सञ्चिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन, र (५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन्।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरू आ.व. २०६६।६७ देखि सञ्चालन गरिरहेको छ। नेपालमा वन विनाश एवं वन क्षयीकरणका कारण र प्रभावहरु घटाउँदै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति अभिवृद्धि गरी कार्यसम्पादनमा आधारित अन्तर्राष्ट्रिय भुक्तानीका लागि पहिलो तयारी चरणमा गर्नु पर्ने अधिकांश कार्यहरु सम्पन्न भएका छन्। रेडप्लस तयारीको चरणमा नीतिगत र कानुनी व्यवस्था मिलाउने, संस्थागत संरचनाहरुको स्थापना गर्ने, क्षमता अभिवृद्धिका कार्यहरु गर्ने, अध्ययन अनुसन्धान गरी तथ्याङ्क/सूचना तयार गर्ने, वनको आधारविन्दु (रेफरेन्स लेवेल) आकलन गर्ने जस्ता कार्यहरु भएका छन्।

रेडप्लसको प्रदर्शनी चरणमा तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम लागू गरिनेछ। यसै क्रममा वन तथा वातावरण मन्त्रालयले २०७५ बैशाख ६ गते नेपाल सरकार (माननीय वन तथा वातावरण मन्त्रीस्तर) को निर्णयानुसार नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

## २. नेपाल राष्ट्रिय रेडप्लस रणनीतिको दूरदृष्टि, परिलक्ष्य र उद्देश्यहरू

नेपाल राष्ट्रिय रेडप्लस रणनीतिको दूरदृष्टि "जनताको समृद्धिमा योगदान गर्न वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने" र परिलक्ष्य "सबै सरोकारवालाहरुको समावेशीकरण र क्षमता एवं दक्षता अभिवृद्धि सहित नीतिगत र संस्थागत संयन्त्र सुधार गर्दै उत्सर्जन न्यूनीकरण र वातावरणीय, सामाजिक र आर्थिक लाभ अभिवृद्धिका लागि वनजन्य पारिस्थितिकीय प्रणालीको उत्थानशीलता अभिवृद्धि गर्ने" रहेको छ।

| उद्देश्यहरू | |
|---|---|
| (१) | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनको अवधारणामा आधारित भई सबै पारिस्थितिकीय क्षेत्रहरूमा दिगो वन व्यवस्थापनलाई उन्नत बनाउँदै र वन विनाश एवं क्षयीकरणका कारण र प्रभावहरु घटाउँदै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति अभिवृद्धि गर्ने, |
| (२) | वातावरणीय र सामाजिक सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेसी, दलित, विपन्न र अन्य अधिकारवालाहरू बीच कार्बन तथा गैरकार्बन लाभको समन्यायिक बाँडफाँट सुनिश्चित गर्ने र वन स्रोतमाथिको अधिकार अभिवृद्धि गर्ने, |
| (३) | वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेसी, दलित र विपन्न वर्गको रोजगारीका अवसरहरूमा विविधीकरण गर्ने र जीविकोपार्जनका स्रोतहरु वृद्धि गर्ने, |
| (४) | वन क्षेत्रमा कार्बन र गैरकार्बन लाभहरुलाई अन्तरसम्बन्धित गर्ने, संस्थागत क्षमता र समन्वय अभिवृद्धि गर्ने, सुशासन, लैङ्गिक समता र सामाजिक न्याय अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र मापदण्डहरुसँग तालमेल हुनेगरी राष्ट्रिय नीति तथा कानुनहरुमा सामञ्जस्यता र सुधार गर्ने, |
| (५) | गहन किसिमको मापन, अनुगमन, प्रतिवेदन र प्रमाणीकरण संयन्त्र सहितको राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र विकास गर्ने। |

असार, २०७७ ①

सूचना सामग्री नं.: ०३/२०७६-७७

# रेडप्लस र कार्बन व्यापार सम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत प्रावधान

## १. पृष्ठभूमी

वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे बापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस भनिन्छ। यसै अवधारणालाई नेपालले पनि अवलम्बन गरी कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यस कार्यक्रमबाट वन क्षेत्रमा सञ्चालन भैरहेको कार्यहरु लगायत वन क्षेत्रको संरक्षण सम्वर्द्धनबाट सञ्चित हुने कार्बनलाई विश्व बजारमा कार्बन व्यापारको माध्यमबाट बिक्री गरी लाभ हासिल गर्दै वनको दिगो व्यवस्थापन सहितको दीर्घकालीन रुपमा वातावरण सन्तुलन तथा कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न योगदान गर्ने उद्देश्य रहेको छ।

नेपालमा रेडप्लस कार्यक्रम अनुरुप वि.सं. २०७५ (सन् २०१८) मा नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाहरु (कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नवलपरासी (बर्दघाट सुस्ता पूर्व), चितवन, पर्सा, बारा र रौतहट) मा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज बनाई कार्यान्वयनमा रहेको छ। कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी वि.सं. २०८५ (सन् २०२८) सम्म करिब ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गर्ने लक्ष्य लिएको छ।

नेपालले सञ्चालन गरिरहेको कार्यक्रमबाट वि.सं. २०७५ देखी २०८५ सम्ममा न्यूनीकरण गर्न सक्ने संभाव्य कार्बनको मात्रालाई विश्व बजारमा बिक्री गर्न सक्ने व्यवस्था बमोजिम विद्यमान सञ्चालनमा रहेको रेडप्लस कार्यक्रमबाट लाभ लिन सकिने अवस्था रहेको छ।

रेडप्लस कार्यक्रम, उत्सर्जन न्यूनीकरण कार्यक्रम र कार्बन व्यापारको विषयमा विद्यमान संवैधानिक, कानुनी र नीतिगत प्रावधानहरूको बारेमा यसमा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

## २. संवैधानिक प्रावधान

नेपालको संविधानको भाग ५ मा रहेको राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट अनुरुप धारा ५७ को उपधारा १ बमोजिम सङ्घको अधिकार क्षेत्रमा (अनुसूची ५ को प्रकरण २७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा रहेको छ। यसै गरी धारा ५१ को प्रकरण (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिहरु निम्न अनुसार रहेका छन्।

१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

२) वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने,

३) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

४) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

असार, २०७७ ①

Information Sheet No: 05/2019-20

# National Forest Reference Level, Nepal

REDD Implementation Centre

## 1. Introduction

Within the context of the United Nations Framework Convention on Climate Change (UNFCCC), the reduction of emissions from deforestation and forest degradation, and the increase in removals through the role of conservation, sustainable management of forest and enhancement of forest carbon stocks (REDD+), are measured against the Forest Reference Level (FRL). FRL includes emissions from deforestation and forest degradation and activities that support emission removal and instead enhance carbon stocks. The FRL thus sets a benchmark for assessing the performance of forest-related mitigation activities allowing countries to measure, report, and verify emission reductions resulting from their mitigation efforts.

Forest Reference levels are expressed as tonnes of $CO_2$ equivalent per year for a reference period against which the emissions and removals from a results period will be compared. Reference levels need to maintain consistency with the country's greenhouse gas inventory estimates.

FRL should be transparent, taking into account historic data and be flexible so as to accommodate national circumstances and capabilities, while pursuing environmental integrity and avoiding perverse incentives. Developing country Parties implementing REDD+ can use a stepwise approach to construct reference levels, incorporating better data, improved methodologies, and, where appropriate, additional pools. They should also update their reference level periodically, taking into account new knowledge, new trends, and any modification of scope and methodologies.




Figure 1: Graphical illustration of FRL

**Box 1: UNFCCC's four major decisions to guide on FRL**

- Be expressed in tonnes of carbon dioxide equivalent per year.
- Maintain consistency with national GHG inventories.
- Be established transparently, providing information and rationale on FRL.
- Allow for a step-wise approach to improve FRLs over time by incorporating better data and improved methodologies.

## 2. Purpose of Forest Reference Level

As benchmarks for assessing each country's performance in implementing REDD+ activities, main purposes of developing FRL could be summarized as follows:

- To measure and access results-based payments.
- To assess progress on the outcomes of the policies and measures taken to mitigate climate change in the forestry sector for domestic reasons.
- To contribute to international mitigation through REDD+ actions under the UNFCCC.

## 3. Nepal's National FRL

Following the guidance and guidelines of UNFCCC, Nepal also prepared and submitted National level FRL to UNFCCC in 2017. The key objective of Nepal's national FRL process is to enable the measurement of the results-based performance of REDD-plus activities associated

June 2020 ①

सूचना सामग्री नं.: ०२/२०७६-७७

# कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम (Emission Reduction Program)

रेड कार्यान्वयन केन्द्र

नेपालमा विभिन्न अवधिमा वन क्षेत्रको विनाश दरमा उतार चढाव रहँदै आएको छ र अहिले पनि विभिन्न कारणले वन विनाश र वन क्षयीकरण हुँदै आएको छ। वन विनाश र वन क्षयीकरणले मानिसको जीविकोपार्जन र समग्र राष्ट्रिय विकासमा प्रतिकुल प्रभाव पार्दै आएका छन्। त्यसैले वन विनाश र क्षयीकरणसम्बन्धी समस्या सम्बोधनका लागि नेपालले रेडप्लस कार्यक्रम सञ्चालन गरिरहेको छ। विश्व बैङ्कको वन कार्बन साझेदारी संयन्त्र अन्तर्गतको तयारी कोष (Forest Carbon Partnership Facility-Readiness Fund) को सहयोगमा नेपाल लगायत ४७ वटा देशमा रेडप्लस कार्यक्रमको तयारी चरणको कार्यहरु भएका छन्। नेपालले आ.व. २०६६।६७ देखि नै तयारीका कामहरू गर्दै आइरहेको छ। यस कार्यक्रमको तयारीका चरणहरुमा विभिन्न अध्ययनहरु, रेडप्लस रणनीति लगायत वनको आधारविन्दु (फरेष्ट रिफरेन्स लेभल) तयार गर्ने, क्षमता अभिवृद्धि गर्ने, लैङ्गिक समता र सामाजिक तथा वातावरणीय सुरक्षा मापदण्डहरुको तयारी गर्ने र वन कार्बनको मापन, अनुगमन, प्रतिवेदन तयारी र प्रमाणीकरण सहितको राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना गर्ने जस्ता आधारभूत तयारी सम्पन्न भएका छन्। आवश्यकता अनुसार सूचना प्रणालीहरु स्थापना र सञ्चालन गर्ने कार्यको निरन्तरता भैरहेको छ।

## कार्बन उत्सर्जन न्यूनीकरणको लक्ष्य

कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमको लक्ष्य वन विनाश तथा क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण गर्दै वनमा कार्बन सञ्चिति संरक्षण, वनको दिगो व्यवस्थापन तथा वन कार्बन सञ्चितिलाई अभिवृद्धि गर्नु रहेको छ।

कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालनबाट वि.सं. २०७५ देखि २०८५ (सन् २०१८-२०२८) सम्म तराईका १३ जिल्लामा करिब ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिएको छ। जसमध्ये उत्सर्जनको कार्य हुँदा उपयुक्त तरिकाबाट कार्यहरु नभएको अवस्थामा घटी हुन सक्ने ७८ लाख टन कार्बन डाइअक्साइड रहेको छ। जसलाई घटाउँदा करिब २ करोड ६३ लाख टन कार्बन डाइअक्साइड व्यापारको लागि उपलब्ध हुने देखिन्छ। नेपालले हाल कार्यान्वयन गरिरहेको रेडप्लस कार्यक्रमबाट विश्व बैङ्क अन्तर्गत कार्बन कोष (Carbon Fund) बाट कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागी पहिलो चरणमा करिब १ करोड टन कार्बन डाइअक्साइड ($CO_2e$) सन् २०२१ र २०२४ मा बिक्री गरी लाभ लिने गरी कार्य अगाडी बढीरहेको छ। कार्यक्रम कार्यान्वयन गर्दा सात वटा क्षेत्रमा मुख्य कार्यहरु सञ्चालन गर्ने र ती कार्यक्रम कार्यान्वयन गर्दा १० वर्षमा अनुमानित ३ करोड ४२ लाख टन कार्बन डाइअक्साइड कम हुने आकलन गरिएको छ। कार्यक्रमको लक्ष्य तथा कार्बन उत्सर्जन कम गर्न कति योगदान गर्न सक्दछ भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

वन विनासबाट हुने उत्सर्जन न्यूनीकरण + वन क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण + वन कार्बन सञ्चिति संरक्षण + वनको दिगो व्यवस्थापन + वन कार्बन सञ्चिति अभिवृद्धि

असार, २०७७ ①

# भाग ३

## आर्थिक प्रगति विवरण

यस केन्द्रको आर्थिक वर्ष २०७६।०७७ मा कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकबाट प्राप्त अनुदान र नेपाल सरकार तर्फ गरी ने.रू. ४८ करोड ३१ लाख विनियोजन भएको थियो । जसमध्ये पुँजीगत तर्फ रू. १४० लाख र चालु तर्फ रू. ४६ करोड ९१ लाख विनियोजन भएको थियो । विनियोजित रकम मध्ये आ.व. २०७६।०७७ मा पुँजीगततर्फ रू. ११५,५१,००० र चालुतर्फ रू. ६,९२,६३,००० गरी कुल जम्मा रू. ८,०८,१४,००० खर्च भएको थियो । यस सम्बन्धी विस्तृत प्रगति विवरण अनुसूची ७ मा प्रस्तुत गरीएकोछ ।

यस आर्थिक वर्षमा भौतिक प्रगति ८०.२९ प्रतिशत भएको छ भने वित्तिय प्रगति केवल १६.७२ प्रतिशत भएको छ । यस आर्थिक वर्षमा विभिन्न क्रियाकलाप कार्यान्वयनको लागि सुरूवाती कार्यहरु सम्पन्न भई उल्लेख्य भौतिक प्रगति भएता पनि कोभिड १९ को कारण नेपाल सरकारबाट घोषित बन्दाबन्दीको कारण सम्पूर्ण कार्य सम्पन्न हुन नसकी म्याद थप गरी आगामी आ.व.मा थप कार्य गरी सम्पन्न गर्नुपर्ने भएकाले वित्तिय प्रगति कम भएको छ । सारांश प्रगति विवरण तालिका ५ मा प्रस्तुत गरीएको छ ।

**तालिका ५: आ.व. २०७६।७७ को वार्षिक बजेट तथा खर्चको सारांश**

| **कार्यक्रम** आयोजना | वार्षिक | | | | | | वार्षिक वित्तिय प्रगति प्रतिशत | वार्षिक भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन (रु लाखमा) | | | खर्च (रु लाखमा) | | | | |
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | | |
| रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ४६९१ | १४० | ४८३१ | ६९२.६३ | ११५.५१ | ८०८.१४ | १६.७२ | ८०.२९ |

रेड कार्यान्वयन केन्द्रको विगत आर्थिक वर्षहरुमा भएको खर्च तथा प्रगति र यस वर्ष भएको खर्चको प्रगति तुलना गर्न यहाँ सान्दर्भिक देखीएकाले चित्र नं. ४ मा देखाइएको छ ।




चित्र नं. ४ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखि हालसम्मको खर्च

रेड कार्यान्वयनको लागि नेपालमा हालसम्म के कति खर्च भएको छ त्यसको विवरण प्रस्तुति गर्न सान्दर्भिक हुने भएकोले यहा प्रस्तुत गर्ने जमर्को गरीएको छ । आ.व. २०६६।६७ देखी यस कार्यक्रमको लागि औपचारिक रूपमा खर्च गर्न सुरूवात गरीएको पाइन्छ । यसै अनुसार हालसम्म यस कार्यक्रमको लागि करिब ६० करोड ९० लाख रकम खर्च भएको छ । जसमध्ये सबभन्दा बढी रकम १६ करोड ३७ लाख रकम आ.व. ०७५।०७६ मा खर्च भएको छ जुन चित्र नं. ४ मा देखाइएको छ । आ.व.२०७६/७७ को विस्तृत प्रगति विवरण अनुसूची ७ मा समावेश गरीएको छ ।

# भाग ४

## कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइहरू

यस भागमा विशेष गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्दा फिल्डस्तर लगायत केन्द्र एवं सरोकारवालाहरूसँग समन्वयको क्रममा प्राप्त भएका सिकाइहरू आगामी कार्यक्रम संचालन गर्नको लागि मार्गदर्शनको रूपमा रहने भएकोले यहाँ प्रस्तुत गरीएको छ ।

कार्यक्रम कार्यान्वयनको सिलसिलामा निम्न क्षेत्रमा सिकाइहरू प्राप्त भएको छ ।

### ४.१ सरोकारवालाहरूसँगको समन्वय

यस कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरू विशेष गरी स्थानीय समुदायहरू, संघ संस्थाहरू तथा आदिवासी जनजातिहरूको प्रतिनिधित्व गर्ने संस्थाहरू लगायतका सस्थाहरूसँग निरन्तर समन्वय तथा सहकार्यमा काम गर्नु पर्ने भएकोले समय समयमा पुर्नगठन भैरहने यस प्रकारका संस्थाहरूसँग अधिकतम प्रयास गरी समन्वय गर्न पहल गरीएको भएतापनि संपूर्ण संघ संस्थाहरूलाई पूर्ण रूपमा समेट्न सकिएको छैन । सरोकारवालाहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाइहरू प्राप्त भएको छ ।

- यस कार्यक्रमको सुरूवात देखी संलग्न र यस कार्यक्रमसँग परिचीत सरोकारवालाहरू बिच अन्तरक्रियाहरू गरी रहनु पर्ने देखीन्छ ।
- सरोकारवालाहरूको वैधानिक अपरिहार्यताको लागि विशेष कानुनी संरचना आवश्यक पर्ने अनुभव गरीएको छ । किनकी कार्यक्रमको दायरा तथा आयामहरू फराकिलो भएकोले सरोकारवालाहरूको वास्तविक पहिचान तथा तिनीहरूको संलग्नतालाई वैधानिकता दिनको लागि कठिनाई महसुस गरीएको छ ।
- सरोकारवालाहरूले पनि कतिपय कार्यक्रमहरूमा सहभागी हुन नपाउँदाको अबस्थामा खिन्न हुन गएको गुनासो आउने गरेको छ यसबाट सरोकारवालाहरूसँग निरन्तर समन्वय गर्नु पर्ने आवश्यकता पनि महसुस भएको छ ।
- स्थानीय समुदाय तथा स्थानीय तहहरूमा रहेका सरोकारवालाहरूसँगको समन्वय अपरिहार्य महसुस गरीएको छ । अतयवः यस कार्यक्रमको कार्यान्वयन तथा थप सुदृढ गर्नको लागि स्थानीय तह तथा समुदायहरूमा समन्वय तथा सहकार्य अझ गर्नु पर्ने देखीएको छ ।
- स्थानीय तहहरू तथा स्थानीय समुदायहरूको अपनत्व बेगर यो कार्यक्रम सफल नहुने भएकोले सो निकायहरूको अपनत्व अभिवृद्धि गर्न आवश्यक देखीन्छ ।
- कोभिड १९ को कारण सरोकारवालाहरूसँग निरन्तर रूपमा समन्वयात्मक छलफल गोष्ठीको

आयोजना गर्न केही बाधा अड्चन भएता पनि अनलाईन मार्फत् भएपनि यस केन्द्रबाट केही प्रयासहरु गरीएको छ । आगामी दिनमा थप क्रियाकलापहरू गर्न जरूरी देखीन्छ ।

## ४.२ सेवा प्रदायकहरूसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाइहरू

यस कार्यक्रम सञ्चालन गर्दा धेरै कार्यहरू सेवा प्रदायकबाट लिनु पर्ने गरी स्वीकृत भएको हुँदा सेवा प्रदायकहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाइहरू प्राप्त भएको छ ।

- रेड कार्यक्रमसँग सम्बन्धित कार्यहरूमा अनुभव भएका सेवा प्रदायकहरू ज्यादै कम मात्र रहेको देखीयो ।
- सेवा प्रदायकहरूले कामको सम्झौता गर्दाको बखत गरेको प्रतिवद्धताहरू पुरा गर्न व्यवसायिक नैतिकता (Professional Ethics) पुरा गर्नको लागि व्यवसायिक आचरणमा सुधार गर्नु पर्ने देखीयो ।
- सेवा प्रदायकहरूले कार्य गरी रहेको अबस्थामा अनुगमनको कार्यलाई सँगसँगै लैजानु पर्ने अति आवश्यक महसुस गरीएको छ ।
- सेवा प्रदायकहरूको कार्य सुरूवातको समय तथा अन्य अबधिमा रेड कार्यान्वयन केन्द्रबाट प्रतिनिधित्व गरी समन्वय बढाउनु पर्ने देखीयो । जति समन्वय बढाइयो त्यति कार्यको गुणस्तरमा राम्रो भएको पाइयो ।
- सेवा प्रदायकहरूले व्यवसायिक आचरण तथा गुणस्तर कायम गर्नको लागि कार्यहरूको प्रस्ताव पेश गर्दा आर्थिक प्रस्ताव पनि गुणस्तर कायम गर्न सक्ने गरी मात्र पेश गर्नु पर्ने देखीयो ।
- कतिपय सेवा प्रदायकहरूले कार्य प्रस्ताव पेश गर्दा राख्ने गरेको विज्ञहरूको सूची अुनसार नै फिल्डमा पनि काममा नलगाउने गर्दा गुणस्तर कायम गर्नको लागि समस्या भएको देखीयो ।
- सेवा प्रदायकहरूले स्थानीय तहहरूसँग तथा कार्यालयहरूसँगको समन्वयमा अझ अभिवृद्धि गर्न सकेमा कार्यको गुणस्तर बृद्धि हुने देखीन्छ ।

## ४.३ प्रदेश तथा अन्तर्रगतका निकायहरू बिचको समन्वय

सङघीय संरचनामा देश गइसकेको परिप्रेक्ष्यमा प्रदेश तथा अर्न्तगतका कार्यालयहरूसँग समन्वय गरी परिचालन गर्दा निम्न बमोजिम सिकाइहरू प्राप्त भएको छ ।

- कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश स्तरका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालयहरूसँग समन्वय जति गर्न सक्यो त्यति नै कार्यक्रम कार्यान्वयन गर्न सजिलो र प्रभावकारी भएको छ ।
- प्रदेशस्तरको रेड डेस्कको कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्दा रेड सम्बन्धी कार्य सञ्चालन गर्नको लागि अझ सजिलो भएको छ । अतः रेड डेस्कलाई थप सुदृढ गर्न आवश्यक देखीन्छ ।
- जिल्लाहरूमा डिभिजन वन कार्यालयहरू, सब डिभिजन वन कार्यालयहरू, जलाधार व्यवस्थापन कार्यालयहरू, बृहद् जलाधार व्यवस्थापन केन्द्रहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यान्वयन इकाईहरू, वन उद्यमीहरू,

स्थानीय समुदायमा आधारित वन व्यवस्थापन समूहरू लगायत अन्य सरोकारवालाहरूसँग जति समन्वय गर्न सक्यो त्यति नै यस कार्यक्रम प्रति अपनत्व वढेको महसुस भएको छ ।

- अझ, रेड कार्यान्वयन तथा रेडप्लस सम्बन्धी बुझाई स्थानीय तह तथा कार्यालयहरूमा पनि प्रष्ट गराउन आवश्यक महसुस गरीएको छ । रेड प्लस सम्बन्धी अवधारणा नयाँ भएको हुनाले प्रचार प्रसार तथा निरन्तर अन्तरक्रियाको आवश्यक देखीएको छ ।

